# हामी येशूमा विश्वास गर्छौं

पाठ १

## उद्धारकर्ता

Manuscript

Biblical Education. For the World. For Free.

थर्ड मिलिनियम सेवाकाई © २०१२ द्वारा

सबै अधिकार सुरक्षित । समीक्षा, टिप्पणी, वा छात्रवृत्ति प्रयोजनको लागि छोटो उद्धरण बाहेक प्रकाशकको लिखित अनुमति बिना यस प्रकाशनको कुनै पनि अंश कुनै पनि प्रकार वा लाभका लागि पुनःउत्पादित गर्न सकिदैन । थर्ड मिलिनियम सेवाकाई, Inc., 316 Live Oaks Blvd., ब्लाभिड, क्यासलबेरी, फ्लोरिडा ३२७०७ ।

पवित्र बाइबलबाट उद्दत गरिएको सबै खण्डहरु, NEW INTERNATIONAL VERSION. Copyright © 1973, 1978, 1984, 2011 अन्तरराष्ट्रिय बाइबल समुदाय, जोन्डरभान बाइबल प्रकाशनको अनुमतिद्वारा प्रयोग गरिएको छ।

## थर्ड मिलिनियम सेवाकाई बारे

सन् १९९७ मा स्थापित, एक मुनाफामा विकेन्द्रित इभान्जलिकल इसाई सेवा प्रदान गर्न समर्पित छ :

**बाइबलिय शिक्षा, संसारको लागि, सित्तैमा**

हाम्रो लक्ष्य भनेको संसारभरका सयौं हजारौं पाष्टर र इसाई सेवकहरु जसलाई सेवकाईको लागि पर्याप्त तालिमको आवश्यकछ उहाँहरुलाई नि:शुल्क ख्रीष्टियन शिक्षा प्रदान गर्नु हो। अंग्रेजी, अरबी, मन्डारिन रुसी र स्पेनिश भाषामा अतुलनीय मल्टिमिडिया सेमिनारी पाठ्यक्रम उत्पादन र वितरण गरेर हामी यो लक्ष्य पुरा गर्दैछौं । हाम्रो पाठ्यक्रम हाम्रो सेवकहरुको साझेदार मार्फत एक दर्जन भन्दा बढी अन्य भाषाहरुमा अनुवाद भईरहेको छ । पाठ्यक्रममा ग्राफिक संचालित भिडियो, मुद्रित निर्देशन, र ईन्टरनेट संसाधनहरु हुन्छन् । यो स्कुलहरु, समुहहरु, र व्यक्तिगत, सबै अनलाईन र शिक्षा समुदायहरुमा प्रयोग गर्न ढाँचा दिईएको हो।

धेरै वर्षमा, हामीले उत्कृष्ठ सामाग्री र गुणस्तरको पुरस्कार-बिजेता मल्टिमिडिया पाठहरु उत्पादन गर्ने अत्याधिक लागत प्रभावकारी विधि विकसित गरेका छौं। हाम्रा लेखकहरु र सम्पादकहरु ईश्वरशास्त्री-प्रशिक्षित शिक्षा शिक्षकहरु हुनुहुन्छ, हाम्रा अनुवादकहरु उहाँहरुको स्थानीय भाषाहरुका ईश्वरशस्त्री-प्रशिक्षित भापीहरु हुनुहुन्छ, र हाम्रो पाठमा विश्वभरि सयौं प्रतिष्ठित सेमिनारी प्रध्यापकहरु र पाष्टरहरुको अन्तरदृष्टि समावेश रहेको छ। थप रुपमा, हाम्रा ग्राफिक ढाँचाहरु, चित्रकारहरु, र उत्पादकहरुले अत्याधुनिक उपकरणहरु र प्रविधिहरुको प्रयोग गरेर उच्चतम उत्पादन मानकहरुको पालन गर्दछन्।

हाम्रो वितरण लक्ष्यहरु प्राप्त गर्न, थर्डमिलले मण्डली, सेमिनार, बाईबल स्कुल, मिसेनरी, ख्रीष्टियान ब्रोडकाष्टहरु र उपग्रह टेलिभिजन प्रदायहरु, र अन्य संगठनहरुसँग रणनीतिक साझेदारी बनाए। यी सम्बन्धहरुले आदिवासी सेवकहरु, पाष्टरहरु, र माध्यमिक विद्यार्थीहरुलाई अनगिन्ती भिडियो पाठहरुको वितरणको परिणाम दिईसकेका छन्। हाम्रो वेवसाईहरुले वितरणको अवसरको रुपमा पनि काम गर्दछन् र तपाईको पाठहरु कसरी सुरु गर्ने भन्नेबारे सामग्री सहित हाम्रो पाठ पुरक गर्न थप सामाग्रीहरु प्रदान गर्दछ।थर्ड मिलिनियम सेवाकाई आईआएस ५०१ (सी) (१) कर्पोरिशनको रुपमा मान्यता दिएको छ। हामी मण्डलीहरु, जग, व्यवसाय, र व्यक्तिको उदार, कर-कटौती जस्ता योग्य योगदानहरुमा निर्भर गर्दछौं। हाम्रो सेवाकाईको बारेमा थप जानकारीको लागि, र तपाई कसरी संलग्न

हुन सक्नुहुन्छ सिक्नको लागि, कृपया www.thirdmill.org मा खोज्नुहोस्।

# विषयवस्तुहरु


**परिचय....1**

**अनन्त....1**

इश्वरत्व....2

स्पष्ट बयान....2

पुरानो नियम....3

ईश्वरीए गुणहरु....3

त्रिएक....4

तत्वशास्त्रीय....5

आर्थिक....5

सल्लाह....6

**सृष्टि....9**

सृष्टिको हप्ता....9

मानवजातिको पापमा पतन....12

व्यक्तिगत परिणामहरु....13

विश्वव्यापी परिणामहरु....17

मानवजातिको लागि आशा....20

**छुटकारा....20**

मनसाय/प्रेरणा....21

त्रिएक....21

सृष्टि....22

विश्वासीहरू....23

प्रतिज्ञाहरु....24

काम....26

राज्यको उदघाटन....26

आज्ञाकारिता....27

पुनरुत्थान....29

स्वर्गारोहण....29

**अन्त्य ........................................................................ 31**

येशूको आगमन ........................................................................ 31
घटनाहरु ........................................................................ 32
सामान्य पुनरुत्थान ........................................................................ 32
अन्तिम न्याय ........................................................................ 32
सृष्टिको नवीकरण ........................................................................ 34
परिणामहरु ........................................................................ 35
परमेश्वरको महिमा ........................................................................ 36
आनन्दको उद्धार ........................................................................ 38

**निष्कर्ष ........................................................................ 39**



For videos, study guides and other resources, visit Thirdmill at thirdmill.org.

## परिचय

एउटा पुरानो कथा जहाँ एक बालकले खेलाउना डुंगा बनाए । उसले डुंगालाई राम्रो संग रंग लगाए र तैरन हुने गरि सानो प्वाल बनाए । जब उसले बनाएको डुंगा तयार भयो, उसले पानीको छालमा त्यसलाई राख्यो । केहि समयको लागि डुंगा राम्रो संग तैरियो तर केहि समय पछि डुंगा बगायो । त्यसपछि सानो बालकले आफ्नो हराएको डुंगा खोज्न लाग्यो, तर उसले डुंगा कहिल्यै फेला परेन । केहि समय पछि, आफ्नो हराएको सानो डुंगालाई बाहिरिको झ्यालबाट पसलमा देख्दा सानो बालक आश्चर्य चकित भयो । सानो बालक हत्तारिदै पसल भित्र छिर्यो र भन्यो, "मेरो डुंगा झ्यालमा छ ।" पसले क्लर्कले जवाफ दियो, "मलाई माफ गर, यो डुंगा पाउनको लागि तिमीले पैसा तिर्नुपर्छ ।" आफ्नो हराएको डुंगा किन्न पुग्ने पैसा कमाउनको लागि केहि हप्ता उसले काम गर्यो र पुग्ने पैसा कमायो । जसै उसले ढुंगा किनेर पसलबाट बाहिर जादै गर्दा, ढुंगा आफ्नो हातमा राख्दै उसले भन्यो, "सानो ढुंगा, अब फेरी तिमि मेरो भयौ । मैले तिमीलाई बनाए, मैले तिमीलाई खोजे, र मैले तिमीलाई फेरी फिर्ता ल्याए ।"

विभिन्न तरिकाहरुमा, येशू ख्रीष्ट र मानिस बिचको सम्बन्ध पनि सानो बालक र डुंगा संगको सम्बन्ध जस्तै हो । परमेश्वरको पुत्रले हामीलाई बनाउनुभयो, तर हामीले पाप गर्यौं र हरायौ । तर उहाँले हामीलाई कहिल्यै बिर्सनु भएन । उहा संसारमा हामीलाई खोज्न र हराएकलाई बचाउन आउनुभयो । जब उहाले हामीलाई भेट्टाउनुभयो, हामीलाई उद्धार गर्न उहाँले मोल तिर्नुभयो-जुन उहाँको आफ्नै मृत्य थियो ।

हाम्रो शृंखलाको यो पहिलो पाठ हो, हामी येशूमा विश्वाश गर्छौं । यो शृंखलामा, येशू ख्रीष्टको सिद्वान्त, ख्रीष्टविज्ञान विषयलाई हामी हेर्नछौ । यो पाठमा, येशू ख्रीष्टको व्यक्तित्व र कामबारे विभिन्न सत्यतालाई हेर्नेछौ जुन उहाँलाई पछ्याउनेहरुले हजारौं वर्षौंदेखि पुष्टि गर्दै आएका छन् । हामीले यो पहिलो पाठलाई "उद्धारकर्ता" भनि भनेका छौं, किनभने ख्रीष्टले पापलाई कसरि उद्धार गर्नुभयो र हाम्रो आनन्द र उहाँको पिताको महिमाको लागि सृष्टिको पुनर्स्थापनाको सुनिश्चिता गर्नु भयो भन्ने बारे केन्द्रित हुनेछौ । ख्रीष्ट हाम्रो उद्धारकर्ता भन्ने पाठमा, परमेश्वरको पुत्र येशू ख्रीष्टको व्यक्तित्व र काम, चार विभिन्न समयमा हेर्नेछौ । पहिलो, संसारको सृष्टि हुनु अघि नै उहाँको आस्तित्व र अनन्तको लागि योजना । दोस्रो, सृष्टिको सुरुवातमा भएको उहाँको कार्यको बारेमा



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

सर्वेक्षण गर्नेछौ । तेस्रो, छुटकाराको युग जुन मानव जातिको पापमा पतन भए देखि अहिले समयसम्म फैलिएको छ । चौथो, ईतिहासको समाप्तिको बारे जुन उहाँ फेरी आउनुहुदा हुने कुरालाई हेर्नेछौ । अब हामी "अनन्त" को पाठ सँगै शुरु गरौँ ।

## अनन्त

प्राय जसो समयमा जब ख्रीष्टियनहरु येशूको बारेमा विचार र कुराकानी गर्दछन्, उहाँले संसारमा जिउनुभएको जीवन र अहिले स्वर्गमा गरिरहनुभएको कामको बारे बढि किन्द्रित हुदंछन् । कहिलेकाहिं, ख्रीष्ट फेरी आउँनुहुदा भविष्यमा उहाँले गर्नु भएको कामहरुको बारेमा बाईबलको शिक्षालाई विचार गर्दछौँ ।

वास्तवमा यी कुराहरु अति आवश्यक शिक्षाहरु हुन् । तर वास्तवमा त्रिएकको दोस्रो व्यक्ति, जसलाई हामी येशू ख्रीष्ट भनि चिन्दछौँ, उहाँ हाम्रो अनन्तको परमेश्वोर हुनुहुन्छ । त्यसकारण, जब हामी उहाँको बारे सैद्वान्तिक पक्षबाट विचार गर्दछौं, यसले इतिहास र इतिहास भन्दा पहिला नै हामीलाई छुटकाराको लागि उहाँले बनाउनुभयो योजना र कार्यहरुको बारे थाहा गर्न मद्वत गर्दछ ।

धेरै सिद्वान्त प्रतिपादकहरुले संसारको सृष्टि हुनुभन्दा पहिले अनन्तसम्मको प्रकृतिमा पूर्ण रुपमा सहमत छैनन् । कतिले यो सुझाव दिन्छन् कि समय आफै सृष्टिको पक्ष हो, त्यसैले परमेश्वोरको सृष्टिको कार्य भन्दा पहिले समयको कुरा गर्न असम्भव छ । त्यसकारण यस पाठमा हामी अनन्तसम्म संसारको सृष्टि हुनुभन्दा पहिले परमेश्वोरको अस्तित्वको रुपमा पहिचान गर्नेछौं । अनन्तमा परमेश्वोर मात्र अस्तित्वमा हुनुहुन्थ्यो । उहाँको अस्तित्व त्रिएकतामा पिता, पुत्र र पवित्र आत्मा थियो ।

हाम्रो अनन्तको पाठलाई तिन भागमा विभाजन गर्नेछौं । पहिलो, ख्रीष्ट परमेश्वोरको बारे बाईबलीय शिक्षालाई हेर्नेछौं | दोस्रो, त्रिएक भित्र उहाँको भूमिकालाई हेर्नेछौं । तेस्रो, उहाँको अनन्तको राज्यको बारेमा वर्णन गर्नेछौं । परमेश्वोरको पुत्र, येशू ख्रीष्टको इश्वरत्वबाट शुरुवात गरौँ ।

### इश्वरत्व

अब, बाईबल अनन्तको समयबाट आएको होइन । यो एक समय र ईतिहासमा लेखिएको थियो | यसले स्पष्ट रुपमा नयाँ नियमको समय सम्म येशू त्रिएकको अलग व्यक्तिको रुपमा प्रकट गर्दैन । तैपनि, धर्मशास्त्रले सिकाउदछ कि येशू अनन्त समयदेखि परमेश्वोर हुनुहुन्थ्यो । त्यसकारण नयाँ करारमा उहाँको ईश्वरीयताबारे प्रकट गर्ने कुरा संसारको सृष्टि हुनुभन्दा अघि पनि उहाँमा सत्य थियो । तिनीहरु

सधैंभरी उहाँबारे साचो रहनेछ । जसै हामी हिब्रु १३:८ मा पाठ गर्दछौं,

> येशू ख्रीष्ट हिजो, आज, र सदासर्वदा एकसमान हुनुहुन्छ (हिब्रु १३:८) ।

येशूको इश्वरीयता नयां नियममा धेरै तरिकाले प्रष्ट हुन्छ । पहिलो, धर्मशास्त्रमा उहाँ इश्वरीय हुनुहुन्छ भनेर धेरै स्पष्ट बयान छन् । दोस्रो, केहि नयाँ नियमका खण्डहरु पुरानो नियममा लागु हुदछन् जसले उहाँको आफ्नो ईश्वरत्व प्रदर्शन गर्दछ । तेस्रो, केहि खण्डहरु उहाँको इश्वरीय गुणहरुको प्रतिनिधित्व गर्छन् । हामी यी सबै प्रकारका प्रमाणहरुक केहि उदाहरणहरु हेर्नेछौं । येशूको इश्वरत्वको लागि स्पष्ट बयानबाट सुरु गरौं ।

## स्पष्ट बयान

येशू परमेश्वर र इश्वरीय हुनुहुन्छ भनेर प्रत्यक्ष रुपमा धेरै खण्डहरुले स्पष्ट रुपमा सिकाउंदछ । उदारणको लागि युहन्ना २०:२८, प्रेरित थोमाले येशुलाई भने, "मेरो परमेश्वर ।" तितस २:१३ मा, पावलले येशुलाई भन्दछ, "हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्ट । " र १ यूहन्ना ५:२० मा युहन्नाले यसरि भन्दछ, "साचो परमेश्वर र अनन्त जीवन । " तर सबै भन्दा उत्तम खण्ड युहन्ना १:१ हो जसले येशूको ईश्वरत्वलाई देखाउदछ, जहाँ हामी यो खण्ड पाठ गर्दछौं,

> "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वर हुनुहुन्थ्यो, अनि वचन परमेश्वरसंग हुनुहुन्थ्यो" (युहन्ना १:१) ।

यो पदले वचन परमेश्वर हुनुहुन्थ्यो र विशेष रुपमा उहाँ संसारको सृष्टि हुनुभन्दा अघि देखि नै परमेश्वर हुनुहुन्थ्यो भनेर बताउदछ । यस अध्याय पछी पद १:१४-१८ मा, युहन्नाले स्पष्ट रुपमा भनेको वचन चाँही ख्रीष्ट हुनुन्थ्यो । यस प्रकारले येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरामा युहन्नाले कुनै शंका गरेनन् । उहाँ हुनुहुन्थ्यो र सधै पूर्ण रुपमा, हरेक तरिकामा ईश्वरीय रहनुहुनेछ ।

## पुरानो नियम

दोस्रो, येशू परमेश्वर हुनुहुन्छ भन्ने स्पष्ट बयान दिनुको साथै नयां नियमले पनि येशूको ईश्वरीयतालाई प्रष्ट पार्छ जसरि पुरानो नियमको धेरै जसो सन्दर्भहरु परमेश्वरलाई जनाउन प्रयोग भएका छन् ।

विभिन्न अवसरहरुमा, नयाँ नियमका लेखकहरुले उहाँलाई पुरानो नियमका प्रभुसँग तुलना गरेर येशू परमेश्वर हुनुहुन्छ भनेर चिनाए । पुरानो नियममा, परमेश्वर आफैले आफैलाई यहोवे भनेर प्रकट गर्नुभयो, जसलाई सामान्यतया "प्रभु" भनेर अनुवाद गरिएको छ । नयाँ करारका केहि बुदाँहरुमा लेखकहरुले यहोवे, प्रभुको बारेमा स्पष्ट रूपमा लेखिएको खण्डहरलाई औल्याए र यी पदहरुले येशूको बारेमा भनेका थिए भनेर भने ।

उदाहरणको लागि मर्कुस १:२-३ मा मलाकी ३:१, र यशैया ४०:३ लाई जनाउँदछ, जसले भविष्यवक्ता वा सन्देशवाहक जसले प्रभुको अगि अगि बाटो तयार गर्नेछन् भनि भन्दछन् । मर्कुसको पुस्तकले भने जब बप्तिष्मा दिने युहान्नले येशूको लागि बाटो तयार तब यी भविष्यवाणीहरु पुरा भए । यस प्रकार, मर्कुसले येशू प्रभु, प्रभु हुनुहुन्छ भनेर सम्बोधन गरे जसको बारेमा मलाकी र यशैयाले अगमवाणी गरेका थिए ।

फिलिप्पी २:११ मा पावलले येशू र प्रभुको बिचमा त्यस्तै सम्बन्ध रहेको कुरा बताउदछ जहाँ उनले येशू प्रभु हुनुहुन्छ भन्ने मौलिक ख्रीष्टियान घोषणाको उल्लेख गरे । र युहन्ना १:१-३ मा, युहन्नाले येशुलाई परमेश्वरको वचन भनेर चिनाए जसद्वारा परमेश्वरले आदिमा संसारको सृष्टि गर्नुभयो । यो खण्डले उत्पति १:१ लाई संकेत गर्दछ, जहाँ मोशाले लेखेका थिए, "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । "यो खण्डले सृष्टिमा येशूको सहभागीता थियो भन्ने बुझाउदछ, वास्तवमा, उहाँ, स्वयम् परमेश्वर हुनुहुन्छ ।

## ईश्वरीए गुणहरु

तेस्रो, येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई स्पष्ट पार्ने बयानको प्रयोग गर्नु र पुरानो नियमको प्रयोग गर्नु बाहेक, नयाँ नियमका लेखकहरुले उहाँसंग ईश्वरीय गुण पनि छ भनि बताएका थिए – ति गुणहरु जुन केवल परमेश्वरले मात्र अधिकार गर्न सक्नुहुन्छ । हिब्रु १:३ ले यसरी भन्दछ,

> "उहाँ नै परमेश्वरका महिमितको प्रतिविम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतीरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ" (हिब्रु १:३) ।

यहाँ, पुत्र, परमेश्वर र उहाँको महिमासंग बराबर छ भन्ने पुत्रको ईश्वरत्वको संकेत गर्दछ । यसबाहेक, पुत्रले परमेश्वरको असिमित सृजनशीलता र असीम शक्ति धारण गर्नुहुन्छ । यो सिमित व्यक्तिले गर्न सक्दैन, केवल असीम परमेश्वरले मात्र गर्न सक्नुहुन्छ । त्यसकारण, पुत्र पनि आफै परमेश्वर हुनुपर्दछ । युहन्ना १:१-२ ले येशूको ईश्वरत्वलाई पनि यस्तै प्रकारले पुष्टि गर्दछ ।

> आदिमा वचन हुनुहुन्थ्यो ... उहाँ आदिमा परमेश्वरसंग हुनुहुन्थ्यो (युहन्ना १:१-२) ।

जब युहन्नाले भने कि वचन "शुरुमा" हुनुहुन्थ्यो, यसको मतलब कुनै कुरा सृष्टि हुनुभन्दा अघि पुत्र अनन्त कालदेखि नै अस्तित्वमा हुनुहुन्थ्यो भन्ने हो, जसरि उत्पति १:१ ले सिकाउदछ कि सृष्टि हुनुभन्दा अघि परमेश्वर अनन्त कालदेखि नै हुनुहुन्थ्यो । अर्को शब्दमा, पुत्र सृष्टि गरिएको होइन । उहाँ परमेश्वर पितासँग अनन्त समयदेखि अस्तित्वमा हुनुहुन्थ्यो । र अनन्त अस्तित्वको गुण केवल

परमेश्वरले मात्र धारण गर्नुहुन्छ, जहाँ पुत्र स्वयम् परमेश्वर हुनुहुन्छ । हामीले हेर्यौं कि ख्रीष्टले पुर्ण ईश्वरीयता धारणा गर्नुभएको छ । अब हामी पुत्र र त्रिएकको अन्य व्यक्तिहरु बिचको सम्बन्धलाई हेरौं ।

## त्रिएक

ख्रीष्टियन विश्वासीको लागि त्रिएकको शिक्षा महत्वपूर्ण छ । एकातिर, त्रिएकत्व ती सिद्वान्तहरु मध्ये एक हो जसले हामीलाई सिकाउदछ कि उहाँलाई बुझ्न परमेश्वर हाम्रो क्षमता भन्दा धेरै माथि हुनुहुन्छ । यसले हामीलाई सिकाउदछ परमेश्वर दुबै रहस्यमय र अचम्मपूर्ण हुनुहुन्छ र यसले हामीलाई उहाँको आराधना गर्न प्रेरित गर्दछ । तर अर्कोतर्फ, यस शिक्षाले ईसाई धर्मलाई अन्य सबै धर्महरु बाट अलग गराउदछ । कतिपय धर्महरुले परमेश्वरलाई केवल एक व्यक्तिको रुपमा हेर्दछन्, र अरुहरुले चाहिँ धेरै देवताहरु छन् भनेर विश्वास गर्छन् भने त्रिएकको धर्मशास्त्रीय सिद्वान्तले हामीलाई सिकाउछ कि परमेश्वर एक अर्थमा तीन व्यक्ति हुनुहुन्छ र अर्को अर्थमा एक परमेश्वर । एतिहासिक रुपमा, यो अनौठो ख्रीष्टियन शिक्षा हाम्रो ख्रीष्टको स्वीकारको केन्द्रबिन्दु रहेको छ ।

त्रिएक शब्द बाइबलमा पाउदैनौ, तर यसले बाइबलीय अवधारणालाई व्यक्त गर्दछ कि परमेश्वर तीन व्यक्तित्वहरु तर एउटै अपरिहार्य गुण भएको हुनुहुन्छ । "व्यक्ति" शब्दले भिन्न, आत्म स्वयम्-सचेत व्यक्तित्वलाई जनाउँदछ । धर्मशास्त्रले सिकाउछ कि परमेश्वरको तिन व्यक्तित्वहरु पिता, पुत्र र पवित्र आत्मा हुन् । र "परमेश्वरको अपरिहार्य गुण" शब्दले परमेश्वरको मौलिक प्रकृति वा उहाँ समाविष्ट भएको गुणलाई जनाउछ ।

**ख्रीष्टियन सिद्वान्त त्रिएकको शिक्षाले सिकाउदछ कि एक परमेश्वर तीन व्यक्तिहरु, परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको रुपमा एकतामा अनन्त समय देखि अस्तित्वमा हुनुहुन्छ परमेश्वरको ज्ञानलाई बुझ्न ख्रीष्टियनहरुलाई धर्मशास्त्रको साथ धेरै शताब्दीहरु लाग्यो । यस सिद्वान्तको विकासको लागि प्रमुख उत्प्रेरणा बौरीउठनुभएको र उचालिनुभएको ख्रीष्टको प्रारम्भिक ख्रिष्टियन आराधना थियो; येशू ईश्वरीय हुनुहुन्छ भनेर धर्मशास्त्रले स्पष्टसंग सिकाउदछ । उनीहरुले यो कुरा व्यक्त गरेर भने कि बुबाको जस्तो स्वभाव छ छोराको पनि त्यहि स्वभाव छ । त्यसो भए ख्रीष्टियनहरुले कसरि परमेश्वरको एकतासंग ख्रीष्टको आराधनालाई मिलाप गरे ? मुख्य कुरा व्यक्ति र प्रकृति बिचको भिन्नता थियो । अनन्त परमेश्वर पिता र परमेश्वर पुत्र एक हुनुहुन्छ भन्ने कुरा ख्रीष्टियन धर्मशास्त्रको अगुवाईबाट सुनिश्चित गरे तर एक व्यक्तिको भन्दा फरक । सारांशमा भन्ने हो भने, एक परमेश्वर सदासर्वदा तीन**

**व्यक्ति, पिता, पुत्र र पवित्र आत्माको एकतामा अनन्तको समयदेखि अस्तिवमा रहनुभएको छ ।**

**— Dr. Keith Johnson**

ईश्वरशास्त्रीहरुले त्रिएकको वर्णन दुई दृष्टिकोणबाट गरेका छन् । र अर्को तर्फ, तिनीहरुले आर्थिक सम्बन्धको बारेमा पनि कुरा गरेका छन् । त्रिएकभित्र तत्वशास्त्रीय सम्बन्धहरुसंग शुरु गरेर, हामी यी दुबै विचारहरूमा संक्षिप्त रुपमा हेर्नेछौं ।

## तत्वशास्त्रीय

"तत्वशास्त्रीय" शब्दको अर्थ "अस्तित्व सम्बन्धि" छ । तसर्थ, जब हामी त्रिएकको व्यक्तिहरु बीचको तत्वशास्त्रीय सम्बन्धहरुलाई विचार गर्छौं, तब हामी विचार गर्छौं कि कसरि तिनीहरु एक अर्कासंग र तथ्यसंग एकिकृत छन् भन्ने कुरा जुन उहाँहरुले एउटै ईश्वरीय सार वा प्रकृति बाडदछन् । किनभने परमेश्वर तीनै जना व्यक्तिहरुले एउटै ईश्वरीय सार साझा गर्दछन्, उहाँहरु सबैसंग समान गुणहरु छन्, जस्तै अनन्त, अनन्तता र अपरिवर्तनीयता । फिलिप्पी २:५-८ मा पावलले त्रिएकताको बारेमा यसरी बताउदछ,

> ख्रीष्ट येशू ... परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तु जस्तो ठान्नुभएन । तर आफैलाई रित्याईकन कमाराको रुप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । स्वरुपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै अर्थात् क्रुसको मरुत्युसम्मै आज्ञाकारी रहनुभयो (फिलिप्पी २:५-८) ।

यस खण्डले येशूको बारेमा धेरै कुरा बताउदछ । तर हामी "परमेश्वरको स्वरुपमा भएर" भन्ने भनाईमा ध्यान कन्द्रित गर्न चाहन्छौ । यस वाक्यांशमा, पावलले स्पष्ट रुपमा सिकाए कि पुत्र परमेश्वर पितासँग ईश्वरीय प्रकृति वा सार साझ गर्दछन । र अन्य खण्डहरुले पवित्र आत्मासँग पनि यहि प्रकृति वा सार छ भनेर संकेत गर्दछ । उहांहरु सबै एकै ईश्वरीय अस्तित्वमा हुनुहुन्छ । जसै येशूले युहन्ना १०:३० मा भन्नुभएको छ,

> म र पिता एक हौं (युहन्ना १०:३०) ।

अविश्वासीहरु जसले सुन्दा अचम्म लाग्दो येशूको कुरा जुन उहाँले आफु परमेश्वर हु भनेर घोषणा गरिरहेको कुरा बुझे, र तिनिहरुले परमेश्वर को निन्दाको आरोपमा उहाँलाई ढुंगा हान्ने कोशिस गरे ।

अब हामी तत्वशास्त्रीय त्रिएकताको बारे बाइबलिय शिक्षालाई विचार गर्यौं, त्रिएक

भित्रको आर्थिक सम्बन्धको बारेमा धर्मशास्त्रले के सिकाउदछ विचार गरौं ।

## आर्थिक

"आर्थिक" शब्दको अर्थ "घर व्यवस्थापन संग सम्बन्धित छ ।" तसर्थ, जब हामी त्रिएक भित्रको आर्थिक सम्बन्धको कुरा गर्छौं, हामी चासो राख्दछौं कि कसरि पिता, पुत्र र पवित्र आत्मा एक अर्कासंग फरक व्यक्तिको रुपमा सम्बन्ध राख्नुहुन्छ र कुराकानी गर्नुहुन्छ । हामीले हेर्यौ, तत्वशास्त्रीय दृष्टिकोणबाट पुत्रले पिता र पवित्र आत्मा जस्ता ईश्वरीय सार पाउनुभएको छ । तर तिनीहरुको आर्थिक सम्बन्धमा, पुत्र पिताको इच्छामा समर्पित हुदछ, र पवित्र आत्ममाथी अधिकार राख्नुहुन्छ । जसै येशुले युहन्ना ६:३८ मा भन्नुभएको छ,

> आफ्नो इच्छा पुरा गर्न म स्वर्गबाट ओर्लिआएको होइन, तर मलाई पठाउनुहनेको इच्छा पुरा गर्नलाई आएको हु (युहन्ना ६:३८) ।

त्यसै गरि यूहन्ना ८:२८-२९ मा भन्नुभयो:

> म आफ्नै अधिकारमा केहि गर्दिन, तर पिताले सिकाउनुभएको कुराहरु बोल्दछु भनि जान्नेछौं । मलाई पठाउनुहुने मसंग हुनुहुन्छ । उहाँले मलाई एक्लै छोड्नुभएको छैन, किनभने म सधै उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु (युहन्ना ८:२८-२९) ।

त्रिएक अर्थव्यवस्था भित्र, पुत्र सधै पिताको अधिकार र इच्छामा विलम्ब गर्दछ । जसरि बुबाले पुत्रमाथि अधिकार राख्दछ, त्यसरी नै बुबा र छोरा दुबैले पनि पवित्र आत्मामाथि अधिकार चलाउनुहुन्छ । युहन्ना १५:२६ मा पवित्र आत्मामाथि आफ्नो अधिकारको कुरा गर्नुभयो, जहाँ यसो लेखिएको छ,

> जब सल्लाहकार आउनुहुन्छ, जसलाई मा पिताको तर्फबता तिमीहरुकहाँ पठाइदिनेछु ... उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ (युहन्ना १५:२६) ।

जसरि बुबाले पुत्रलाई पठाउने अधिकार पाएको हुन्छ, त्यस्तै पुत्रलाई पनि आत्मा पठाउने अधिकार छ ।

अब, अवश्य पनि, त्रिएकका व्यक्तिहरु बीच कुनै विवाद छैन | पिता, पुत्र र पवित्र आत्मा जहिले पनि सहमत हुनुहुन्छ । उहाँहरु एक मनका हुनुहुन्छ । तैपनि, उहाँहरुको समन्धको

अर्थव्यवस्था भित्र, पदको स्पष्ट क्रम छ, पिताको अधिकार छ, र त्यसपछि पुत्र र अन्तमा पवित्र आत्मा ।

त्रिएकको प्रकृति र त्रिएकका व्यक्तिहरु बीचको सम्बन्धहरु बुझ्न हामीलाई पूर्ण रुपमा असम्भव छ । विश्वासद्वारा हामी जान्दछौं कि धर्मशास्त्रले के भन्छ त्यो साँचो हो । तर हामीले यो पनि स्वीकार गर्नुपर्दछ कि त्रिएकक धेरै पक्षहरू हाम्रो समझबाट बाहिरका छन् । यद्वपी, हामी सान्त्वना र प्रोत्साहन लिन सक्दछौं कि त्रिएक सबै सदस्यहरु एक साथ मिलेर हाम्रो उद्धारको बारेमा काम गर्नुहुन्छ । पुत्रको प्रायश्चितको आचारमा पिताले हामीलाई क्षमा गर्नुहुन्छ । जब सम्म पुत्र फेरी हाम्रो मुक्तिको काम पुरा गर्नु आउनुहुन्न, पिता र पुत्र दुबैले हामीलाई पुनर्जीवित गर्न र हाम्रो जीवन नविकरण गर्न पवित्र आत्मालाई हाम्रो जीवनमा पठाउनुहुन्छ ।

हामीले येशूको अनन्तको व्यक्तित्व र कामलाई उहाँको ईश्वरत्व र त्रिएकमा हेरेर थाहा गर्यौं । त्यसो भए, अब हामी उहाँको अनन्त सल्लाहलाई हेरौं ।

## सल्लाह

ईश्वरशास्त्रीय शब्द अनन्त सल्लाह, जसलाई प्राय जसो "अनन्त उर्दी" पनि भनिन्छ, यसले संसारको लागि परमेश्वरले गर्नुभएको योजनाहरुको संकेत गर्छ, जुन उहाँको सृष्टिको काम भन्दा पहिले नै निर्धारण गरिसक्नुभएको थियो । परमेश्वरको अनन्तको सल्लाह प्रेरित २:२३, रोमी ८:२८-३०, र १ पत्रुस १:२ जस्ता खण्डहरुमा उल्लेख गरिएको छ ।

विभिन्न ईश्वरशास्त्रीय परम्पराहरुका परमेश्वरको योजनाहरुको प्रकृति र सिमाको बारेमा विभिन्न बिश्वासहरु छन् । कसै-कसैको विश्वास छ कि परमेश्वरको अनन्त योजनामा ईतिहासको हरेक विवरण समावेश रहेकोछ । अरुहरुले विश्वास गर्छन् कि परमेश्वरले केहि कुराहरु निश्चित गर्नु भएको छ, र अरुलाई गर्नु भएको छैन । तर हामी सबै यसैमा सहमति छौं कि ख्रीष्टले के गर्नुभयो भन्ने कुरा परमेश्वरको योजनाको केन्द्रबिन्दु हो-कि परमेश्वरले उहाँमा निश्चित गर्नु भएको मुक्ति र यसमा ख्रीष्ट असफल हुनुहुनेछैन । जसरि एफिसी १:४, र ११ ले भन्दछ,

> उहाँको सामुन्ने पवित्र र निष्कलंक हौऔ संसारको उत्पति भन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । ... उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसारको पुरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार (एफिसी १:४, र ११) ।

ख्रीष्टमा परमेश्वरले जे गर्नुभयो कुनै दुर्घटना वा अप्रत्याशित समस्याको समाधान थिएन, यो परमेश्वरको अनन्त उर्दीद्वारा स्थापना गरिएको थियो । अब, हामी ख्रीष्टको समन्धमा परमेश्वरको अनन्त सल्लाहको बारेमा सोच्दछौं, यो दुई पक्षहरु छुट्याउन सहयोग छ, पुर्वज्ञान र उधेश्य । यशैया ४६:१०



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

मा परमेश्वरको अनन्त सल्लाहको यी दुबै पक्षहरु स्पष्ट छन् । यो खण्डमा परमेश्वरले के भन्नुभएको छ सुन्नुहोस्,

> आदिदेखि अनन्तसम्मको, र प्राचिन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु । म भन्छु: मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पुरा गर्नेछु (यशैया ४६:१०) ।

आफ्नो पूर्वज्ञानको बारेमा, परमेश्वरले भन्नुभएको थियो कि संसारको सृष्टि गर्नुभन्दा पहिलेदेखि नै, भविष्यमा के हुनेवाला छ उहाँलाई थाहा थियो । र उहाँको उधेश्यको बारे, उहाँले भन्नुभयो, "आफ्नो उधेश्य खडा हुनेछ र म जे इच्छा गर्छु सबै गर्नेछु । " हामी यी दुबै विचारहरुलाई थोरै विस्तारमा हेरौं ।

अर्कोतर्फ, हामीले पूर्वज्ञानको परिभाषा यसरी गर्न सक्दछौ कि यसले परमेश्वरको ज्ञानलाई जनाउछ, सृष्टि हुनुभन्दा अघि, ईतिहासको क्रममा हुने घटनाहरु । पिता, पुत्र, र पवित्र आत्माले सबै कुरा जान्नुहुन्छ । उहाँहरुको ज्ञान भविष्यमा पनि फैलिन्छ । यशैया ४६:१० मा यस विचारलाई थाहा पाउनको लागि, साथसाथै हामी यसलाई यशैया ४२:९; ४५:११-१३, र प्रेरित १५:१७, १८ जस्ता खण्डहरुमा फेला पार्दछौं ।

अर्कोतर्फ, संसारको सृष्टिको लागि परमेश्वरको उधेश्य धेरै तरिकामा वर्णन गर्न सकिन्छ । यस पाठमा, हामी यो संक्षिप्तमा भन्नेछौ कि परमेश्वरले संसारलाई ख्रिस्टमा उहाँको राज्यको माध्यमबाट उहाँको महिमा प्रदर्शन गर्न र बढाउनको लागि सृष्टि गर्नुभयो । हामी भजनसंग्रह १४५:१-२१, १ तिमोथी १:१७, हिब्रु १:१-१३, १ पत्रुस १:२०-२:२:९, र प्रकाश १:५-६ को खण्डहरुमा उहाँको उधेश्यलाई दिख्दछौ ।

हालको शताब्दीहरुमा, केहि ईश्वरीय विद्वानहरुले छुटकाराको करारको रुपमा उहाँको गौरवशाली राज्यको बारेमा परमेश्वरको अनन्त उर्दीको वर्णन गर्न सहयोगी पाएका छन् । धर्मशास्त्रले संकेत गर्दछ कि संसारको सृष्टि हुनुभन्दा अघि, परमेश्वर व्यक्तिहरुले छुटकारा बचाउन र यसलाई पतित सृष्टिमा लागु गर्न एउटा गम्भीर व्यवस्थामा प्रवेश गरे । विशेष गरि, पुत्रले पतित मानवतालाई पापको नतिजाबाट छुटकारा दिनको लागि देहाधारी हुने र मर्ने प्रतिज्ञा गर्नुभयो । पिताले पुत्रको बलिदानलाई पापिहरुको छुटकाराको रुपमा स्वीकार गर्ने प्रतिज्ञा गर्नुभयो ।

> **यो एउटा संझौता हो जसमा पिताले आफ्ना जनहरुको खातिर उद्धारको कामको योजना बनाउनुहुन्छ । उहाँले यो पनि निर्धारण गर्नुभयो कि उहाँले पुत्रको लागि शरीर, भौतिक शरीर प्रदान गर्नुहुनेछ जसमा पुत्र आउनुहुनेछ र देहाधारी हुनुहुनेछ**



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**। र पुत्र यस पृथ्वीमा आउन, आफ्नो जीवनलाई क्रुसमा सुमपन्न सहमत हुनुभयो- एक उत्तम जीवन-त्यो सिद्व जीवनलाई क्रुसमा सुम्पनुभयो र परमेश्वरका जनहरुको सट्टामा मर्नुभयो । र छुटकाराको त्यो करारको भाग भनेको पवित्र आत्मा पठाउनु हो जसले ख्रीष्टको काम लिनुहुन्छ र त्यसपछि यसलाई परमेश्वरका जनहरुमा लागु गर्नुहुनेछ ।**

**— Dr. Jeff Lowman**

छुटकाराको करार हाम्रो बुझाइको लागि महत्वपूर्ण छ, किनकि येशूले पहिले नै गर्नुभएको र आफ्नो देहाधारीमा गर्नुहुने कामहरुको रुपरेखाको यसले वर्णन गर्दछ । छुटकाराको करारमा समावेश भएका प्रतिज्ञाहरु भजनसंग्रह ११०, र एफिसी १:३-६ र तिनीहरु १ पत्रुस १:२० र प्रकाश १३:८ मा पाउदछौँ । उदाहरणको लागि येशूको वचन युहन्ना ६:३८-४० मा हेरौं,

आफ्नो इच्छा पुरा गर्न म स्वर्गबाट ओर्लिआएको होईन, तर मलाई पठाउनुहुनेको इच्छा पुरा गर्नलाई आएको हुँ । र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरु मध्ये कसैलाई पनि म नगुमाऊ, तर तिनीहरुलाई अन्त्यको दिनमा जीवित पारु । किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वाश गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु (युहन्ना ५:३८-४०) ।

**मुक्ति अनन्त उधेश्यसंग सम्बन्धित छ जुन संसारमा सृष्टि हुनुभन्दा अघि परमेश्वरमा गठन गरिएको थियो । हामी यी सबैको रहस्य निर्धारण गर्न सक्दैनौ । स्पष्ट छ, परमेश्वर असीम हुनुहुन्छ र केहि चिजहरु हामीबाट लुकेका छन् र परमेश्वरले ती प्रकट गर्नुभएको छैन, तर हामी यसबारे परमेश्वरले प्रकट गर्नुभएको सबै कुरा बुझ्न चाहान्छौ, र हामी धर्मशास्त्रमा यो संकेत पाउछौँ कि त्यहाँ एउटा करार थियो जुन त्रिएक परमेश्वरको बीचमा स्थापना भएको थियो । त्यो अनन्तसम्म उहाँको महिमाको प्रदर्शन हुनेछ । त्यसकारण परमेश्वर बाहेक अरू प्राणीहरुले उहाँको महिमाको आनन्द लिइरहेको छन् र यो आनन्दको अन्त्य कहिल्यै हुने छैन । र धर्मशास्त्रबाट यो देखिन्छ कि परमेश्वरले छुटकाराको उधेश्यको माध्यमबाट यो काम गर्नुभयो, पापी मानिसहरुलाई बचाउनको निम्ति जो सजाय पाउन र तिनीहरुका छुटकारा गर्न योग्यको थियो । र जहाँसम्म हामी धर्मशास्त्रबाट भन्न सक्दछौं, संसारको उत्पति हुनुभन्दा अघि, संसारको सृष्टि**

> **गर्नुभन्दा अघि, यो करारको व्यवस्था गरिएको थियो जसमा पिताले मानिसहरुलाई चुन्नुहुनेछ, पुत्र मर्नुहुनेछ र मानिसलाई छुटकारा दिनुहुनेछ, तब पवित्र आत्माले उनिहरुबाट पापको भ्रष्टाचार हटाउनु हुनेछ ताकि तिनीहरुले पश्चाताप गर्न र ख्रीष्टलाई अँगाल्न सकून् ।**
>
> **— Dr. Thomas Nettles**

परमेश्वरको अनन्त सल्लाह सबै विश्वासीहरुको लागि अविश्वसनीय सान्त्वनाको स्रोत हुनुपर्दछ । परमेश्वरले संसार सृष्टि गर्नु अघि, उहाँ आफ्नो सृष्टिको महिमा प्रदर्शन गर्न सृष्टिको रचना गर्नुहुन्छ र मानिसजातीको लागि उहाँको कृपा शासनको अधिनमा बस्नको लागि उपयुक्त ठाउँ हुन् । उहाँको पुर्वज्ञानको कारण, कुनै कुराले उहाँलाई अचम्मित पार्दैन । मानिसजाती पापमा फसेको देखेर परमेश्वर अचम्ममा पर्नुभएन । र हाम्रो उद्धार अप्रत्याशित रुपमा केहि विग्रिएको केहि ठिक गर्ने उहाँको अन्तिम मिनेटको प्रयास होइन | यसको विपरित, सबै कुरा उहाँको योजना अनुसार हुदछ । र यो अचम्मको कुरा जस्त देखिन्छ, यो संसारको वास्तुकार र रचानाहार-नासरतक येशूको रुप धारण गर्नुभयो । उहाँको अनन्त उधेश्यहरु अनुसार सृष्टि गर्नुभएको संसार र मानवजातिलाई पुनर्स्थापित गर्न सृष्टिमा प्रवेश गर्नुभयो ।

जसै हामीले अनन्तमा पुत्र हुनुहुन्थ्यो भन्ने छलफल गर्यौं, अब हामी सृष्टिको सुरुवात समयको कुरामा ध्यान किन्द्रित गरौं ।

## सृष्टि

यस पठमा रहेको हाम्रा उधेश्यहरुका लागि, हामी सृष्टिको सुरुवातको अवधिलाई सृष्टि हप्ताको रुपमा, र मानवजातिको पापमा पतनसँगै अन्त्यको रुपमा र अदनको बगैचाबाट निष्कासनको रुपमा परिभाषित गर्नेछौं । यी घटनाहरु प्राय बाइबल भरि उल्लेख गरिएको छ । तर बाइबलले यी घटनाहरुलाई प्राथमिक रुपमा उत्पति १-३ सम्मको अध्यायमा वर्णन गरिएको छ ।

हामी सृष्टिको समयावधिमा पुत्रको कामको दुई विषयहरुलाई हेर्दै वर्णन गर्नेछौं । पहिलो, सृष्टि हप्ता जब परमेश्वरले संसारलाई अस्तित्वमा ल्याउनुभयो, र दोस्रो, पापमा मानिसको पतन । आउनुहोस्, सृष्टिको हप्ताको साथ सुरु गरौं ।

### सृष्टिको हप्ता



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

अब, परमेश्वरले संसारको सृष्टि गर्नु भएको बारेमा जब ख्रीष्टियनहरुले कुरा गर्छन् तब हाम्रो दिमागमा सामान्यतया परमेश्वर पिताको व्यक्तित्व तर्फ जान्छ । तर धर्मशास्त्रले सिकाउदछ कि सृष्टिको समयमा पुत्र पिताको पक्षमा हुनुहुन्थ्यो, र पिताले उहाँद्वारा संसारको सृष्टि गर्नुभयो। यो सत्य कुराहरु युहन्ना १:१-३, हिब्रु १:२ खण्डहरुमा उल्लेख गरिएको छ।

**जब हामी परमेश्वरको पुत्र संसारको सृष्टिकर्ता हुनुहुन्छ भनेर सोच्दछौँ, हाम्रो दिमागमा आउने खण्ड भनेको कलस्सी १ हो, जुन एक महत्वपूर्ण खण्ड हो, र यस खण्डले हामीलाई सम्झना गराउदछ कि सबै थोक उहाँद्वारा बनाईएको थियो, सबै थोक उहाँको लागि बनाईएको थियो, र उहाँमा सबै चिजहरु बाधिएर रहेको छन्, र यो वास्तविक व्यवहारिक अंशमा पुग्दछ । यसको मतलब यो हो कि हामी विश्वस्त हुन सक्छौ कि उही व्यक्ति जसले यस सृष्टिलाई बनाउनुभयो र आकार दिनुभयो र जसले प्राकृतिक कानुन र आफ्नै ईश्वरीय इच्छाको संयोजनको माध्यमबाट यसलाई सम्हाल्नुहुन्छ, जुन यहाँको तहमा हामी कहाँ जादैछौँ भनि, कि सृष्टिको एक भागमा भएको रुपमा र आफ्नो आत्मामा पुन: सृजना भएको रुप उहाँलाई थाहा छ । त्यसैले परमेश्वरको मुख्य उधेश्य र परमेश्वर आजको प्रावधानसंग जोडिएको एक आशिष छ।**

**— Dr. James D. Smith III**

सृष्टिमा पुत्रको संलग्नताको बारे कलस्सी १:१६ को खण्डलाई हेरौं,

किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य ... सबै थोक उहाँद्वारा र उहाँकै निम्ति सृजिएका छन् (कलस्सी १:१६) ।

यस खण्डमा, पावलले स्पष्ट रुपमा भने कि सृष्टि पुत्रद्वारा सम्पन्न भएको थियो, वा कतिपय अनुवादहरुले "उहाँद्वारा" भनिएको छ।

**सृष्टि सुरुवातमा पुत्र लोगोस र सत्य वचनको रुपमा अस्तित्वमा हुनुहुन्थ्यो । त्यसैले उत्पति १ मा, परमेश्वरले भन्नुभयो, "उज्यालो होस् ।" परमेश्वरले भन्नुभयो, "पानी एक ठाउँमा जम्मा होस् र ओबानो भुमि देखा परोस् ।" तब युहन्नाको सुसमाचारमा, युहन्नाले यसरी घोषणा गरे, "वचन देहाधारी हुनुभयो ।" यसैले हामी संसारलाई उही तरिले बुझ्छौ-सृष्टिकर्ता देखि सृष्टि सम्म,**

**परमेश्वर देखि मानवसम्म । किन ? किनभने हामी संसारलाई परमेश्वरको सिद्वान्ताले बुझ्छौ । र यो सिद्वान्त काल्पनिक छैन । यो सत्य, वचन, लोगोस हो । यसैले सम्पूर्ण संसारलाई यसरि बुझ्न सकिन्छ यो परमेश्वरको वचन (लोगोस) द्वारा शासन गरिएको हुन्छ ।**

**— Dr. Stephen Chan, translation**

**तपाइलाई थाहा छ, जब हामी नयाँ नियम पढदछौ, हामी धेरै आश्चर्यजनक कुराहरु पाउछौं, र हामी पुरानो नियम पुरै नयाँ प्रकाशमा पढछौं । हामीले पत्ता लगाएको एउटा कुरा, उदाहरणको लागि, युहन्नाको सुसमाचार प्रचारदेखी ख्रीष्ट आदिदेखि नै हुनुहुन्छ भन्ने हो । पुरानो नियमको प्रत्येक खण्डहरमा ख्रीष्ट हुनुहुन्छ । तर जब हामी सारा सृष्टिलाई फर्कर हेर्छौ र उहाँ ख्रीष्ट, वचन, परमेश्वरको लोगोस हुनुहुन्छ भनि हामीलाई युहन्नाले बताउदछ, जो सृष्टिकर्ता अभिकर्ता हुनुहुन्थ्यो जसद्वारा परमेश्वरले संसार सृष्टि गर्नुभयो । र त्यसपछि हामी कलस्सी पुस्तकमा आउँदछौ र पावलले हामीलाई भन्दछ कि पुत्रले मात्र संसार सृष्टि गर्नुभएको थिएन, उहाँले सबै कुरालाई अस्तित्वमा ल्याउनुभयो, हामीलाई उत्पतिमा भनिएको छ कि परमेश्वर बोल्नुभयो-यो मौखिक सृष्टि थियो । यो उहाँले बोल्नुभएको वचनद्वारा भएको थियो । हामीले बुझ्यौ कि वचन ख्रीष्ट हुनुहुन्छ ।**

**— Dr. R. Albert Mohler, Jr.**

चाखलाग्दो कुरा के छ भने, बाइबलको सृष्टिको कथा आकाश र पृथ्वीको सृष्टि हुनुभन्दा अघि के भएको थियो भन्ने कुरामा केन्द्रित भएर सुरु हुदैन । यसको सट्टामा, परमेश्वरले संसारलाई कसरि सुव्यवस्थित रुपमा भर्नुभयो भन्ने कुरामा केन्द्रित रहेको छ, जुन कुराले उहाँलाई प्रशन्न तुल्याउदछ । उत्पति १:१ सृष्टिको विवरणको लागि शिर्षक हो, यसले हामीलाई भन्दछ कि परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ । तब उत्पति १:२ ले हामीलाई संसारको प्रारम्भिक अवस्थाको बारेमा बताउछ | जसै हामी पाठ गर्दछौं,

पृथ्वी आकरविनाको र शून्य थियो । अथाह समुन्द्र माथि अन्धकार थियो, र परमेश्वरको आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो (उत्पति १:२) ।

परमेश्वरले संसारलाई सुव्यवस्थित र भर्नुअघि यो आकारविनाको थियो, कुनै आकार वा



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

क्रम थिएन र यो खाली थियो, यसमा कुनै जीवजन्तु थिएन । यो अवस्थामा, संसार परमेश्वरको महिमित राज्य हुन योग्य थिएन । त्यसपछि, उहाँले छ दिनसम्म आफ्नो सृष्टि भर्न र सुव्यवस्थित गर्न बिताउनुभयो । र यो उहाँले गर्नुभएको कार्यले संसारको लागि आफ्नो अनन्त उधेश्यको केहि आधारभूत आयामहरू प्रकट गर्यो ।

सृष्टिको पहिलो तीन दिनमा, परमेश्वरले संसारलाई गठन गर्नुभयो वा आकार दिनुभयो । आफ्नो वचनको शक्तिद्वारा उहाँले ज्योतिलाई अध्यारोबाट, आकाशबाट समुन्द्रलाई र सुख्खा जमिनलाई पानीबाट छुट्याउनुभयो । र उहाँले पछि बनाउने प्राणीहरुको भोजनको रुपमा वनस्पति बनाउनुभयो ।

सृष्टिको दोस्रो तीन दिनमा, परमेश्वरले खाली संसार भरिदिनुभयो, ताकि उहाँको राज्य ठिकसंग व्यवस्थित र शासित होस् । ऋतुहरू चिन्हको लागि सुर्य, चन्द्र र ताराहरु सृष्टि गर्नुभयो र सूर्यलाई दिनमाथि प्रभुत्व वा शासन गर्न, र चन्द्रमा रातमाथि प्रभुत्व गर्नलाई नियुक्त गर्नुभयो । तब उहाँले माछा र समुन्द्रका अन्य जीवजन्तुहरु पानीमा बस्नको निम्ति, र पन्छीहरु हावामा बस्नको निम्ति, र पृथ्वीमा बस्ने सबै पशुहरु सुख्खा जमिनमा बस्नको लागि सृष्टि गर्नुभयो । र उहाँले मानवजातिलाई पृथ्वीमा भरिन, र पानी, आकाश र मुनिका सबै प्राणीहरुमाथि शासन गर्न सृष्टि गर्नुभयो । उत्पति १:२७-२८ मा मानवतको सिर्जनाको विवरण सुन्नुहोस् ।

> यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरि उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो । परमेश्वरले तिनिहरुलाई आशिष दिनुभयो, र तिनीहरुलाई भन्नुभयो, "फल्दै-फुल्दै, पृथ्वीमा भरिदै र त्यसलाई आफ्नो वशमा पार्देजाओ । समुन्द्रक माछाहरु, आकाशका पन्छीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरुमाथि अधिकार गर" (उत्पति १:२७-२८) ।

**धर्मशास्त्रमा, विशेष गरि उत्पतिको पुस्तकले, अवश्य पनि, हामीलाई बताउदछ कि परमेश्वरसंग मानवताको मूल सम्बन्धलाई यी सर्तहरुमा विस्तृत रुपमा वर्णन गरिएको छ : सबैभन्दा पहिले, मानवहरु परमेश्वरको सृष्टिको पूर्ण शिखर हुन् । छैटौ दिनको अन्तमा यसरी भन्दछ, "परमेश्वरले भन्नुभयो, मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔ ।" र परमेश्वरले आफ्नो स्वरूप र प्रतिरुपमा उहाँले मानिसलाई नर र नारी गरि सृष्टि गर्नुभयो । त्यसकारण परमेश्वरले आफ्नो स्वरूप, आफ्नो प्रतिरुप, यस सृष्टिमा राख्न, मानिसहरुसंगको यस उच्च स्तरीय सम्बन्ध राख्न चाहनुहुन्छ । र यसैले उत्पतिको दोस्रो अध्यायले यस्तै**

**वास्तविकतालाई यी पदहरुमा वर्णन गर्दछ : कि परमेश्वरले आदमलाई जमिनको माटोबाट बनाउनुभयो र उसमा जीवनको सास फुकिदिनुभयो, परमेश्वरले आदमसंग ईस्श्वरीय जीवन बाडनुभयो । त्यसकारण, परमेश्वरसंग मानवताको सम्बन्धको सम्भवत यी सर्थरुमा वर्णन गरिएको छ : मानवजातिहरु चाहिँ परमेश्वरका मित्रहरु, परमेश्वरका सन्तानहरु, सृष्टिमा परमेश्वरसंग साझेदार परमेश्वरको सेवा गर्नु हो, तर केवल परमेश्वरको सेवा गर्नु मात्र होईन, परमेश्वरलाई चिन्न र परमेश्वरलाई प्रेम गर्न पनि हो ।**

**— Dr. Steve Blakemore**

सृष्टिको हप्ताको छैटौ दिनको अन्तसम्ममा, संसारलाई आफ्नो विशेष राज्य हुनुलाई सृष्टि गर्नुभएको थियो, र मानवतालाई पृथ्वीमा शासन गर्न उहाँले नियुक्त गर्नुभयो जसले उहाँलाई महिमा ल्याउदछ । यसलाई ध्यानमा राख्दै, हामी कलस्सी १:१ लाई हेरौं, जहाँ पावलले सृष्टिमा पुत्रको भूमिकाको बारेमा यी शब्दहरु लेखेका छन् ।

किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१६) ।

याद गर्नुहोस कि यस खण्डमा, पावलले सिंहासन, शक्ति, शासक र आधिकारहरुमा जोड दिएका छन् । बाइबलमा, सृष्टि अस्तिवमा आउनुको बारेमा मात्र होइन । यो राजनीतिक शक्तिको कुरा पनि हो । आफ्नो बिशेष पुत्रको अधिकारमा, संसार परमेश्वरको विशेष राज्य हुनको लागि अस्तित्वमा आउनुको बारेमा मात्र होईन । यो राजनैतिक शक्तिको कुरा पनि हो । आफ्नो विशेष पुत्रको अधिकारमा, संसार परमेश्वरको विशेष राज्य हुनको लागि अस्तित्व हुन आयो । हामी हिब्रु १:२ बाट यी शब्दहरुमा उही सम्बन्ध देख्छौ ।

तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्वारा हामीसंग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो (हिब्रु १:२) ।

यहाँ, हिब्रु पुस्तकको लेखकले परमेश्वर पुत्र सृष्टिमा सक्रिय हुनुहुन्छ भन्ने तथ्यलाई जोडेर यो तथ्यलाई जोड दिए कि उहाँ "सबै थोकक उत्तराधिकारी" हुनुहुन्छ, अर्थात्, उहाँ राजा हुनुहुन्छ जसले सार सृष्टिमाथि उत्तराधिकारी पाउनुहुनेछ र शासन गर्नुहुनेछ । वास्तवमा, यो



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

विषय सम्पुण अध्यायमा पाउदछौ ।

बाइबलले निरन्तर रुपमा सिकाउदछ कि सृष्टिको उधेश्य परमेश्वरको विशेष राज्यको रुपमा सेवा गर्नु हो । र नयाँ नियमले स्पष्ट गर्दछ कि यो राज्य परमेश्वरको विशेष पुत्रले शासन गर्नु पर्नेछ, जसद्वारा सृष्टि सम्पन्न भएको छ । हामी यो पनि भन्न सक्दछौ कि पुत्रको सृष्टिको कार्य भनेको उहाँको राज्य र अधिकारको अभिव्यक्ति थियो । सृष्टि माथि उहाँको अधिकार छ किनकि उहाँले यी सबै कुरा सृष्टि गर्नुभयो । र यसैले, प्रत्येक सृष्टि गरिएको कुरा राजिखुशीको साथ र आज्ञाकारी भई परमेश्वरको पुत्रको राजाको रुपमा प्रस्तुत गर्न बाध्य छ ।

> **ख्रीष्टियन विश्वासको एउटा अचम्मको सत्य यो हो कि हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टले हामीलाई न त त केवल छुटकारा मात्र दिनुभयो, तर संसारको सृष्टिमा पनि उहाँको महत्वपूर्ण भूमिका थियो । हाम्रो प्रभु र मुक्तिदाता उद्धारक हुनुहुन्छ, तर उहाँ अझ पूर्ण रुपमा सृष्टिकर्ता र उद्धारक पनि हुनुहुन्छ । यसले हाम्रो लागि धेरै महत्वपूर्ण प्रभाव पर्छ । यसले हाम्रो उद्धारकर्ता, सबै कुराहरुको सृष्टिकर्ता, कति महान हुनुहुन्छ भन्ने कुरा सम्झना गराउनुहुन्छ । यो अचम्मको सोच हो, वास्तवमा, यो साच्चै हो । यसले यो पनि सुनिश्चित गराउदछ कि पुत्रसंग पिताको भन्दा कम अधिकार छ भन्ने गलत विचारमा भ्रम गराउदैंन, तर हाम्रो यो शक्तिशाली र अद्भुत संसारको निर्माणमा पूर्ण सहभागी हुनुहुन्छ । मलाई लाग्छ यो पनि एउटा अनुस्मारक हो कि येशू ख्रीष्टको हृदय आफ्नो मण्डलीमा मात्र नभएर सम्पूर्ण सृष्टि क्रम र सबै प्राणीहरुमा पनि फैलिएको छ र छुटकारा जुन हामी आशा गर्दछौं कि ख्रीष्टद्वारा अन्तको समयमा पुर्ण रुपमा यो क्रन्दन सृष्टिको पनि छुटकारा हुनेछ । यो एउटा स्मरण हो, मलाई लाग्छ, अन्तमा येशू ख्रीष्टलाई पछ्याउनेहरुसंग ठिक हृदय हुनुपर्दछ जसले यस संसार र यहाँ बसोबस गर्ने मानिसको वास्ता गर्दछ जसलाई उहाँ आफैले सृष्टि गर्नुभयो ।**
>
> **— Dr. Glen Scorgie**

अब हामी सृष्टिको हप्ताको परिपेक्षमा सृष्टिमा पुत्रको कार्यको बारेमा विचार गरौं, हामी मानवताको पापमा पतनको विषयलाई हेरौं ।

## मानवजातिको पापमा पतन

मानवजातिको पापमा पतन हुनु दुखद तर प्रख्यात कथा हो । उत्पति २ मा, परमेश्वरले



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

हाम्रा प्रथम अभिभावक, आदम र हव्वालाई सृष्टि गर्नुभयो र तिनीहरुलाई अदनको सुन्दर बगैचामा राख्नुभयो | तिनीहरुको काम बगैचा हेरचाहा गर्नु र संसारमा बगैचा विस्तार गर्न सक्षम हुनु, पर्याप्त सन्तानहरु जन्माउनु थियो, ताकि सम्पूर्ण संसार परमेश्वर वास गर्नको लागि उपयुक्त थियो । तर उत्पति ३ मा शैतानले सर्पको रुप लिएको थियो र हव्वालाई असल र खराबको ज्ञानको रुखको नखानु भनि भनिएको फल खान परिक्षामा पर्यो । र हव्वाले खाईसकेपछी उनीले आदमलाई पनि दिईन् र आदमले पनि खाए । मानवताबाट अनाज्ञाकारिता यो पहिलो कार्य थियो । अदम र हव्वाले सर्पका शब्दहरुमा विश्वास गरे र परमेश्वरको प्रबन्धको साथसाथै उहाँको आज्ञाप्रति अनाज्ञाकारि भए ।

त्यसो भए, उत्पति ३ मा परमेश्वरले श्रापद्‌वारा अदम, हव्वा र सर्पलाई यस पापको जवाफ दिनुभयो । यस श्रापमा गरिएको न्यायले मानवताको अनाज्ञाकारिताको परिणामहरुलाई सारांशमा प्रस्तुत गर्यो, र सृष्टिको लागि परमेश्वरको उधेश्यको पुरा हुन ढिलाई भयो ।

तर यी सबैमा परेश्वरको पुत्रको भुमिका के थियो ? पुत्रको कामलाई हामीले संक्षिप्तमा भन्न सक्छौं कि जब मानिसले पापगर्यो तब उहाँ पनि पिता र पवित्र आत्मासँग मानवतालाई श्राप दिने काममा सहभागी हुनुहुन्थ्यो, र उहाँ नै प्रतिज्ञा गरिएको उद्‌धारकर्ता हुनुहुन्थ्यो कि अन्तत श्रापबाट मानिसलाई बचाउन उहाँ नै आउनुहुनेछ ।

मानवजातिको पतनमा परमेश्वरको पुत्रको कामलाई हामी तीन तरिकाहरुमा हेर्नेछौं । पहिलो, हामी पतनको व्यक्तिगत परिणामहरु हेर्नेछौं । दोस्रो, हामी यसको सार्वभौमिक परिणामहरु हेर्नेछौं । र तेस्रो, हामी छोटकरीमा पतन पछि मानवतालाई दिइएको आशालाई हेर्नेछौं । आउनुहोस्, पतनको व्यक्तिगत परिणामहरुबाट शुरु गरौँ ।

## व्यक्तिगत परिणामहरु

**रोमी ५ अनुसार, मानिस पापमा पतन हुनुको केहि प्रभावहरु, यसले बताउछ कि एउटा मानिसद्‌वारा, त्यो मानिस आदम थियो, पाप संसारमा प्रवेश भयो र मृत्यु सबै मानिसहरुमा सर्दै गयो किनकि सबैले पाप गरेका छन् र यसको अर्थ आदममा सबैले पाप गरेमा छन् । उनले सम्पूर्ण मानव जातिको प्रतिनिधित्व गरे । र जब उसले पाप गर्यो, तब उसको दोष सम्पूर्ण मानव हतिमा सारियो । र यसको साथै उनको बिग्रेको प्रकृति पनि सारियो । यसको बारेमा सोच्नुहोस् जब परमेश्वरले आदमलाई सृष्टि गर्नुभयो, उहाँले विषको एक सानो बोतल उसमा हालिदिनुभयो- यो सहि छैन, तर यस तरिकाले सोच्नुहोस्-उहाँले आदमलाई भन्नुभयो, यदि तिमि मेरो इच्छाको विरुद्‌ध गयौ भने त्यो सानो बोतल भाचिनेछ । वास्तवमा,**



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**आदम उहाँको इच्छाको विरुद्वमा गए, र सानो बोतल भाचियो, र यसले उसको दिमागलाई विषाक्त बनायो-उसले सहि विचार गरेन, उसको हृदयलाई विषाक्त बनायो-उसले ठिक कुराहरुलाई प्रेम गरेन, उसको इच्छालाई विषाक्त बनायो-ठिक कुराहरु उसले छनौट गरेन । त्यसपछि जब आदमका बच्चाहरु भए, त्यो भ्रष्ट प्रकृतिको अस्तित्वमा र परमेश्वरको विद्रोहमा आयो ।**

**— Dr. Frank Barker**

*टुटेको संगति* : पापमा मानवजातिको पतनको व्यक्तिगत परिणामको वर्णन गर्नको लागि धेरै तरिकाहरु छन् । तर यी पाठहरुमा हाम्रो उधेश्यहरुको लागि, परमेश्वर र मानव बिचको टुक्रिएको सम्बन्धबाट सुरु गरेर हामी चार विचारहरूमा किन्द्रित हुनेछौं ।

**सामान्यतया मानवताको पापमा पतन हुनु परमेश्वरको विरुद्धको विद्रोह थियो-उहाँको नैतिक आज्ञाहरुलाई तोड्नु जुन उनको चरित्रको प्रतिबिम्ब हो । र त्यो विद्रोहको कारण सबै तहमा एउटा दुखद विभाजन भयो- पहिलो र मुख्य भनेको, परमेश्वरबाट अलग हुनु हो । हामी, उहाँको सृष्टि, उहाँको आफ्नै स्वरुपमा बनाईएको, उहाँलाई महिमा दिनको लागि, तर हामीले त्यसो गरेनौं । हामी सधै परमेश्वरको महिमा सम्म पुग्न बाट चुक्यौ र जब हामी उहाँ विरुद्व विद्रोह गर्छौं, उहाँले जानाजानी यस सृष्टिलाई श्राप दिनुहुन्छ र परमेश्वर र उहाँको सृष्टिको बिचमा अलग ल्याउनुहुन्छ । त्यसोभए, मानवताको अलग्ताको अनुभव, हाम्रो सुरक्षाको श्रोत र महत्व र पहिचान र परमेश्वरको सृष्टिबाट काटिएको थियो, र त्यसैले हामी परमेश्वरबाट अलग भएका छौँ । हामी एक अर्काबाट पनि अलग भएका छौँ किनभने मानवलाई उनीहरुको सबै आनन्द, उनीहरुको पहिचान, परमेश्वरमा उनीहरुको सन्तुष्टि खोज्ने उधेश्य राखिएको छ र जब हामी यसो गर्दैनौं यसलाई संसारको चिजहरुमा खोज्छौ । र व्यक्तिहरु, जब स्नेह र प्रेमको वस्तुहरु भन्दा, यस संसारको चिजहरुको लागि प्रतिस्पर्धा हुन्छ जुन हामी हाम्रो पहिचानको खोजीमा हुन्छन् र यसले हामीलाई अरु मानिसबाट अलग गराउदछ ।**

**— Dr. K. Erik Thoennes**

परमेश्वरले यस संसारलाई एक स्थान हुनलाई ढाचा दिनुभयो, जहाँ आफुले सृष्टि गरेको प्राणीहरुसंग बस्नु सक्नुहुनेछ । तर आदम र हव्वाले पापले गर्दा तिनीहरु परमेश्वरबाट टाढा भए, उहाँसंगको उनीहरुको सम्बन्ध तोडिएको थियो । तिनीहरुको अनाज्ञाकारीताले लजको भावना उत्पन्न गर्यो र तिनीहरुले पर्मेश्वरको उपस्थितिमा आफ्नो सन्तुष्टि र आत्म विश्वास हुमाए । त्यसकारण, बगैचामा परमेश्वरसित हिड्न र कुरा गर्नुको सट्टा तिनीहरु उहाँको उपस्थितिबाट लुके । यो संगति केवल मानव दृष्टिकोणबाट मात्र तोडिएको थिएन; परमेश्वरले तिनीहरको उपस्थितिलाई समेत ईन्कार गर्नुभयो र तिनीहरुलाई अदनको बगैचाबाट निकालिदिनुभयो । नतिजाको रुपमा, परमेश्वरसंगको सम्बन्ध

पुनर्स्थापित गर्नु मानवजातिको सबैभन्दा ठुलो आवश्यकता हो ।

यसबाहेक, परमेश्वरसंग मानवजातिको तुक्रिएको सम्बन्धको परिणामको कारण, आदम र हव्वाको एक अर्काको संगति पनि टुटेको थियो । यो तथ्य हो कि तिनीहरु नाङ्गो भएको कारण तिनीहरु लज्जित भए र तिनीहरु अन्जिरको पातले ढाकिए । र हामी यसलाई उत्पति ३:१६ मा मानवजातिलाई परमेश्वरको श्रापमा पनि देख्छौं, जहाँ हामीलाई भनिएको छ कि विवाहमा द्वन्द्वको कारण पाप हो । त्यसो भए मानवतालाई पनि छुटकारा चाहिन्छ जसले यी मानव सम्बन्धहरुलाई पुन:स्थापना गर्न सक्दछ ।

***दोष :*** पतनको दोस्रो व्यक्तिगत परिणाम भनेको मानवजातिले आदमको पापको दोषह सहनु हो । रोमी ५:१८ मा पावलले यस समस्याको वर्णन सुन्नुहोस् ।

> यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डका भागीदार बने (रोमी ५:१८) ।

पावलले सिकाउदछन् कि आदमको अनाज्ञाकारीताको कारणले सबै मानवजातिलाई दोषी बनायो । अर्को शब्दमा, परमेश्वरले आदमको पापलाई सबै पतन भएको व्यक्तिको खातामा हिसाब लगाउनुहुन्छ, जसले गर्दा हामी सबै त्यो पहिलो पापको दोषी छौं । यो घटना भयो किनभने आदम सबै मानिसजातिको करारको प्रमुख थिए । उनले आफैलाई मात्र होईन, उनकी स्वास्नी र अनी सबै मानवजातिहरुको प्राकृतिक मानव पुस्ताबाट आउदछन् उनीहरुको प्रतिनिधित्व गरे । परिणाम स्वरूप, हामीलाई छुटकारा चाहिन्छ जसले यस दोष र अनन्त सजायबाट स्वतन्त्र तुल्याउछ ।

***भ्रष्टता :*** हामीले उल्लेख गर्ने तेस्रो व्यक्तिगत परिणाम भनेको भ्रष्टता हो । ईश्वरशास्त्रीय शब्द "भ्रष्टता" ले पापको मानव स्वभावलाई दर्शाउछ । विभिन्न ईश्वरशास्त्रीय परम्पराहरु विभिन्न तरिकाहरुबाट भ्रष्टताको व्यापकता बुझ्छन् । तर सबै इभान्जेलिकल ईसाईहरु यस कुरामा सहमत छन् कि यसले हामीलाई परमेश्वरसंग अनुग्रह पाउनबाट रोक्दछ । धर्मशास्त्रले रोमी ३:९-१८ सहित धेरै स्थानहरुमा मानव प्रकृतिको अपमानको कुरा गर्दछ ।

> उदाहरणको लागि, रोमी ३:१०-१२ मा यसरी भन्दछ,जसो लेखिएको छ, "धर्मी कोहि छैन, परमेश्वरलाई खोज्ने कोहि छैन । बुझ्ने कोहि छैन परमेश्वरलाई खोज्ने कोहि छैन । ति सबै बरालिएका छन्, तिनीहरु एकसाथ बिकम्मा भएका



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन" (रोमी ३:१०-१२) ।

यी पदहरुमा, पावलले मानव भ्रष्टताको बारेमा धर्मशास्त्रको निरन्तर शिक्षालाई प्रकाश पार्नको लागि पुरानो नियमक विभिन्न सन्दर्भहरुमा समेट्छन ।

रोमी ३ मा, पावलले सिकाए कि हाम्रो आचरण बिग्रेको छ, त्यसकारण कोहि पनि धर्मी छैन र कसैले राम्रो गर्दैन । हाम्रो बौद्धिक पनि भ्रष्ट भएकोछ, त्यसकारण कोहिले बुझ्दैन । र हाम्रो इच्छालाई पनि प्रभाव पारिएको छ, त्यसकारण कसैले पनि परमेश्वरलाई खोज्दैन । वास्तवमा भन्ने हो भने, हाम्रो पवित्र परमेश्वरको सामु मानव स्वभाव अयोग्य छ भनेर पावलले भन्न सके । हामी उहाँको आशिषको योग्यको छैनौ र हामीले आफैलाई उद्धार गर्न केहि गर्न सक्दैनौ । हामीलाई उद्धार गर्न अरु कोहि चाहिन्छ ।

**तपाईलाई थाहा छ जब बीसौं शताब्दी सुरु भयो, विश्वमा खासगरी पश्चिमी विश्वमा यति धेरै आशावादी थियो कि, विज्ञानको प्रगतिको कार, शिक्षाको व्यापक उपलब्धताको कारण, सबै पत्तालागेका प्राविधिक आविष्कारहरुको कारण- प्रगति र यस्तै अरुहरु-त्यहाँ दार्शनिकहरु र सामाजिक वैज्ञानिकहरु र उद्धारवादी धर्मविद्हरु समेत थिए, आशावादको महान आशा थियो कि बीसौं शताब्दी शान्तिको शताब्दी हुनेछ जहाँ युद्व हुनेछैन । बीसौं शताब्दी एक शताब्दी हुनेछ, जसमा मानव कारणले शासन गर्नेछ, र व्यवहारिक व्यक्तिहरुले एक अर्कालाई मार्ने छैनन् । त्यसो भए, यो ठुलो आशामा, हामी यस शताब्दीमा आउदछौं जहाँ शान्ति हुनेछ । तपाइले देख्नुभयो कि यस प्रकारको समस्यामा ... र त्यो समस्या मार्क्सवादमा थियो, यो आशावादी मानवविज्ञान थियो जुन सामाजिक प्रकोपमा अन्त्य भयो किनभने यसमा पापको सिद्वान्त थिएन । अनि त्यसोभए के भयो ? तपाइलाई पहिलो विश्व युद्वबारे थाहा छ । तपाईलाई बोल्सेविक क्रान्तिबारे थाहा छ । यस पछी होलोकष्ट, दोस्रो विश्व युद्व, हिटलर, नाजीवाद थियो र यस्तै अरुहरुपनि अघि बढ्न सक्छन् । र यसको परिणाम स्वरूप भन्नुपर्दा बीसौं शताब्दीमा लगभग ११२.८ मिलियन मानिस युद्वमा मारिए । म केवल युद्वको कुरा गर्दैछु । नागरिकहरु र सैनिकहरु, जहाँ सम्म रेकर्ड गरिएको दाताले हामीलाई गणना गर्न अनुमति दिन्छ । यो पछिल्लो चार शताब्दीमा जम्मा रुपमा चार गुणा छ । यसले हामीलाई के भन्छ ? त्यो केहि गलत छ । सामाजीक अवस्था मात्र होईन, सबै ज्ञान विज्ञानको प्रगति र सभ्यताको प्रावधानसहित, त्यहाँ मानव स्वभावसंग मौलिख रुपमा गलत छ । र यो हामी, इसाईहरुले भन्ने, "पाप" हो । अहिले यो प्रचलित संचारमाध्यम, ऐकेडेमी र यस्तै अन्य धेरैमा लोकप्रिय शब्द**

**भने होइन, र रेनहोल्ड निबुहारले भनेझैं पापको इसाई शिक्षा सबै सिद्वान्तहरुको भन्दा काम लोकप्रिय छ, र जसको लागि हामीसंग सबै ठाउमा सबैभन्दा धेरै अनुभाविक प्रमाण छ ।**

**— Dr. Peter Kuzmič**

***दुःख, पिडा/कष्ट, मृत्यु*** : पतनको चौथो व्यक्तिगत परिणाम यो थियो कि सम्पूर्ण मानवजातिले पिडा वा कठिनाई, वा रोग, वा मृत्युको अनुभव गर्न थाले ।.

मानवता पापमा फस्नु भन्दा पहिले जीवन उत्तम र सन्तुष्ट थियो । मानवजातिले पिडा वा कठिनाई, वा रोग, वा मृत्युको अनुवभ गरेनन् । तर आदम र हव्वाले पाप गरेपछी, परमेश्‍वरले तिनीहरुलाई र तिनीहरुका सबै प्राकृतिक वंशहरुलाई श्राप दिनुभयो ।

**वास्तवमा, पतनको परिणामस्वरूप, परमेश्‍वरले पुरुष र महिलाहरुको र वास्तवमा सार सृष्टिलाई न्याय गर्नुभयो । त्यसकारण, उदाहरुणको लागि, काम, जुन आदम र हव्वा पतन हुनुभन्दा अघि त्यसमा व्यस्त रहेका थिए, कामदार भयो, र यसैले मानिसको कामसंग प्रेम-घृणाको सम्बन्ध छ । पुरुष र महिला बिचको सम्बन्ध, फेरी, भ्रष्ट र विकृति थियो । सन्तानहरु जन्मनु भनेको-फेरी परमेश्‍वरको धेरै स्वरुपहरुको पुनः सृष्टिको लागि परमेश्‍वरको अर्को उपहार हो-पीडादायी भयो, र मुलत; समग्र परिणामस्वरप् परमेश्‍वरले आदम र हव्वालाई आनन्द दिनको लागि दिनुभएको राम्रा चिजहरु रमाइलो हुदै गयो, तर वास्तवमा त्यसो भए त्यो पनि केहि अर्थमा बङ्गाईयो र विकृति थियो, र तिनीहरुको सम्पूर्णतामा रमाइलो भएन ।**

**— Dr. Simon Vibert**

परमेश्‍वरले मानवजातिलाई दिनुभएको सरापको कुरा उत्पति ३:१६-१९ मा उल्लेख गरिएको छ, जसै हामी यस वचनहरुलाई पाठ गर्दछौं,

स्त्रीलाई उहाँले भन्नुभयो, "तेरो सुत्केरी वेदना म ज्यादै गरि बढाईदिनेछु । दु:खसंग तैले बालक जन्माउनेछस । तेरो ईच्छा पति तर्फ नै हुनेछ, र त्यसले तलाई अधिनमा राख्नेछ ।" त्यसपछि आदमलाई उहाँले भन्नुभयो, तैले तेरी पत्नीको कुरा सुनेर मैले नखानु भनेको रुखको फन खाएको हुनाले, "भुमि तेरो कारण श्रापित भएको छ । तेरो जीवनभरि दु:खसंग त्यसको उब्जनी तैले खानेछस



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

। त्यसले तेरो निम्ति काढा र सिउदीहरु उमार्नेछ, र तैंले खेतको सागपात खानेचास । माटोमा नफर्कुन्जेल तेरो निधारको पसिनाले कमाएको भोजन तैले खानेछस । किनकि  माटै तँ निकालिएको थिइस । तँ माटै मा फर्किजानेछस" (उत्पति ३:१६-१९) ।

श्रापहरुले मानवीय पिडा र कष्टहरु मात्र निम्त्याएन, पिडा र कष्टहरुले परमेश्वरले दिनुभएको काम पुरा गर्न पनि तिनीहरुलाई बाधा दिए । पृथ्वी फल्दै फुल्दै जाने र भरिदै जाने, भूमिमा काम गर्ने र यसको रेखदेख गर्ने, र पृथ्वीमाथि शासन गर्ने र परमेश्वरको राज्य फैलाउने कार्यमा मानवजातिलाई कठिनाई अनुभव शुरु गर्यो ।

त्यो भन्दा पनि नराम्रो कुरा सबै मनिसजातिले मृत्युको अनुभव गर्न थाले । र यी श्रापहरु सबै मानव पुस्तासम्म फैलियो । त्यसोभए, यदि हामी मानिसजातिको लागि परमेश्वरको उधेश्यहरु पुरा गर्न कोसिस गर्छौं भने, हामीलाई उद्धारकर्ता चाहिन्छ जसले हामीलाई यी बाधाहरुबाट बचाउन सक्दछ र हामीलाई धन्यको हुन, आनन्दित अस्तित्वमा हुन पुनर्स्थापित गर्नुहुन्छ ।

**मानवजातिले आफ्नै तरिकाले बदल्नु नै मानवजातिको पतनको नतिजा हो । पाप भनेको परमेश्वरको आज्ञाको अनाज्ञाकारी हुनु हो, र मानवजाति सिद्व छैन । तिनीहरु अब परमेश्वरको स्थानमा पुग्न सक्दैन् । तसर्थ, पतन पछी, हामी परमेश्वरबाट अलग भयौं, र सम्पूर्ण मानवजाति मृत्युको यथार्थताको साथ थियो । कुनै अपवाद बिना, कोहि पनि परमेश्वरको नजरमा धर्मी हुदैन । यधपी मानवहरु अझै पनि परमेश्वरकै स्वरूप हुन्, तिनीहरु भ्रष्ट भएका छन् । ख्रीष्टमा छुटकारा बिना, कोहि पनि स्वभाविक रुपमा उहाँको खोजि गर्न सक्दैन । र हामी परमेश्वरको भलाइको स्तरसम्म पुग्न सक्दैनौं।**

**— Dr. Stephen Chan, translation**

**मानिसलाई मुक्तिदाता चाहिन्छ र वास्तवमा परमेश्वर नै तिनीहरुका उद्धारक बन्नु आवश्य छ किनभने: पापको स्वभाव परमेश्वर विरुद्व हो । परमेश्वर केहि अभिव्यक्ति शक्ति भएको व्यक्ति होइन जसले संसारलाई अस्तित्वमा ल्याउनु हुन्छ । परमेश्वर व्यक्ति हुनहुन्छ - त्रिएकको सिद्वान्त, परमेश्वर पिता, पुत्र, पवित्र आत्मा हुनुहुन्छ । परमेश्वर घनिष्ट, व्यक्तिगत हुनुहुन्छ । यसैले हाम्रो पाप व्यक्तिगत तवरमा परमेश्वरको विरुद्वमा छ । जस्तो कि धर्मशास्त्रले**

> **हामीलाई भन्न खोजेको कुरा मैले बुझेको छु, कि हाम्रो पाप हाम्रो सृष्टिकर्तालाई धोका दिने जत्तिकै हो जुन यो अरु कुनै कुरा भन्दा बढि छैन । तसर्थ हाम्रो पाप एक विश्वासघात जस्तै हो, हामी यसलाई सुधार्न केहि गर्न सदैनौं । विश्वासघात भनेको त्यस्तो प्रकारको कुरा हो जसमा केवल धोखा दिईने समुहले केहि गर्न सक्छ । यदि परमेश्वरले हामीलाई छुटकारा प्रदान गर्नुहुन्छ भने मात्र, यदि परमेश्वरले टुक्रिएको सम्बन्धलाई लिनुहुन्छ र यसलाई ठिक गर्नुहुन्छ भने मात्र हामी उद्धार गरिएको हुन्छौं । तर पापले मानव अवस्थालाई के गरेको कारण हामीलाई पनि उद्धारकर्ता चाहिन्छ । यसले हामीलाई पासोमा परेको छ । जब हामी परमेश्वरबाट तर्किएर जान्छौं र आफैतिर फर्कन्छौं, यसले हामीलाई यस किसिमको गुरुत्वाकर्षणको पासोमा परेको छ कि यसले हामीलाई परमेश्वरको अनुग्रहबाट अलग रहन दिनेछ र फेरी हाम्रो ह्रदय र जीवनहरु परमेश्वरतर्क फर्कन दिनेछ तरै पनि हामी हाम्रा पापहरुबाट उम्कन सक्दैनौं । त्यसकारण परमेश्वरसंग सबै कुराहरु ठिक गर्न सक्नुहुने एक मुक्तिदाताले मात्र हामीलाई बचाउन सक्नुहुनेछ ।**
>
> **— Dr. Steve Blakemore**

मनिसजातिको पापमा फसेको परिणामको व्यक्तिगत परिणाम हेरेपछी हामी यसको विश्वव्यापी परिणामहरुलाई हेरौं ।

## विश्वव्यापी परिणामहरु

मानवजाति परमेश्वरको राज्य उधेश्यमा केन्द्रित थियो कि हाम्रो विद्रोहले सम्पूर्ण संसारमा श्राप ल्यायो । त्यस समयदेखि, मानवजाती परमेश्वरको भन्दा आफ्नो महिमाको लागि बाचिरहे । हामीले एकआर्कालाई अन्याय र अमानताको साथ व्यवहार गरेका छौँ । र हामी निरन्तर परमेश्वरको ईच्छाको विरुद्रमा विद्रोह गर्दछौं, जसको कारण संसारमा उहाँको राज्यले कृपालु राजा र सृष्टिकर्ताको रुपमा आफ्नो पूर्ण महिमा प्रदर्शन गर्न असफल भयो । प्राकृतिक संसार पनि प्रभावित भएको छ । क्षय र मृत्युले पृथ्वी र यसका सबै प्राणीहरुलाई भ्रष्ट र क्षिन पारेको छ । सृष्टिको हरेक पक्षलाई मुक्ति र छुटकारा चाहिन्छ ।

यस पाठमा, हामी पतनको दुई विश्वव्यापी परिणामहरुमा ध्यान केन्द्रित गर्नेछौं, यो तथ्यबाट सुरु गरौँ कि यसले परमेश्वरको राज्यको आगमनमा ढिलाई गर्यो ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

***परमेश्वरको राज्यको ढिलाई:*** जसै हामी उत्पति २:८ मा पढ्छौ, जब परमेश्वरले संसारको सृष्टि गर्नुभयो, अदनको बगैचा मात्र एक प्रमोदन थियो । संसारको बाँकि भाग अविकसित र वन्य थियो । उत्पति १:२८ अनुसार, पृथ्वी आफ्नो वशमा पार्नु मानवजातिको काम हो, जुन यसलाई खेती गर्नु र यसमा मानवीय समाज स्थापना गर्नु, ताकि सम्पुर्ण संसार नै परमेश्वरको विशेष बगैचा जस्तो देखियोस् । हामीले यसमा परमेश्वरको सेवक राजाको रुपमा शासन गर्नु पर्ने थियो, यो सुनिश्चित गर्दै कि उहाँको स्वर्गीय महिमित शासन सहि तरिकाले आफुले सृष्टि गरेको पृथ्वीभरि फैलियोस् । जब यो काम सकियो, यो उहाँको विशेष पृथ्वीको राज्यको रुपमा संसारमा वास गर्ने परमेश्वरको योजना थियो ।

तर मानवताको पापमा फस्नुले संसारको उचित खेतीमा र यसमाथि हाम्रो शासनमा ढिलाई गर्यो । र यसैले परमेश्वरको राज्यको आगनमा पनि ढिलाई गर्यो । हाम्रो खेती गर्न र शासन गर्न कोशिस गर्ने प्रयासलाई पापले दुषित पर्यो र यसैले हामीले बनाएको संसारमा परमेश्वर वास गर्न योग्य थिएन । कुनै शंका बिना, मानवजातिले सफलतापुर्वक पृथ्वी भर्यो । युद्वहरु, अपराध, कलह, घृणा र झुठो धर्म जतातत्तै फैलिएको छ, र मण्डलीमा पनि हामी प्राय यस्ता व्यक्तिहरु भेट्छौ जसलाई परमेश्वरप्रति विश्वास र प्रतिबद्वता हुदैन । र संसारमा यो सबै पापको नतिजाको रुपमा, परमेश्वरको राज्य अझै पनि आफ्नो पूर्णतामा आएको छैन । पत्रुसले यो समस्या २ पत्रुस ३:११-१२ मा उल्लेख गरेको छ, जब उनले लेखे :

> तिमीहरु पवित्रता र भक्तिको जीवन जिउनुपर्दछ, जसै तिमीहरु परमेश्वरको दिन प्रतिक्षा गर्दछौं (२ पत्रुस ३:११-१२) ।

एक अर्थमा भन्नुपर्दा, जब परमेश्वर प्रशन्न हुनुहुन्छ उहाँले आफ्नो राज्यलाई पृथ्वी ल्याउन सक्नुहुन्छ, किनकि उहाँले पापको संसारलाई शुद्ध गर्न उहाँले चाहनुभएको समयमा शक्ति पाउनुहुन्छ । तर परमेश्वरको योजना उद्धारकर्ता, येशू ख्रीष्ट मार्फत गर्नु हो । र यस खण्डमा, पत्रुसले सिकाए कि संसारमा भ्रष्ट चर्को विरुद्व लडेर हामी वास्तवमै सृष्टिलाई यसको मूल लक्ष्यतिर पुर्याउन सक्छौं र परमेश्वर पृथ्वीमा वास गर्न आउने दिनलाई छिटो पुर्याउन सक्दछौं ।

हामीले उल्लेख गर्ने पतनको दोस्रो विश्वव्यापी परिणाम भनेको यो हो कि सबै सिर्जनाहरु अब व्यर्थथाको अधिनमा छन् ।

***व्यर्थताको अधिन :*** जब पिडा र कष्टले मानवीय अनुभवमा प्रवेश गरे, बाँकि सृष्टिको शान्ति र उत्पादकता पनि विघटन भएको थियो । जमिन श्रापित भयो, जसले गर्दा यसले काडा र सिउडीहरु उत्पादन गर्न शुरु गर्यो र सम्पूर्ण सृष्टि अराजकता र भ्रष्टचारले त्रसित

भयो ।

रोमी २:२०-२२ मा, पवलले यस श्रापलाई वर्णन गरेर भने सृष्टि निराशाको अधिनमा थियो, कि यो क्षमा गर्ने बन्धनमा छ, र यो प्रसव पिडामा जस्तै विलाप गर्दछ । अर्को शब्दमा, सृष्टिले अब जुन उधेश्यले राम्रा चिजहरु उत्पादन गर्न बनेका थिए यसले राम्रा चिजहरु उत्पादन गरेनन्, र यो अब परमेश्वरले चाहनुभएको जसले सिद्व संसार बनेन ।

हाम्रो वरपरको संसारमा अनौपचारिक नजरले यो सत्य हो भनेर पुष्टि गर्दछ । आधिबेहरीले हाम्रो तटवर्ति क्षेत्रहरु तहसनहस पर्यो । भूकम्पले शहर र गाउहरु ध्वस्त पर्यो । बाढीले कहिलेकाही पुरै गाउहरु बगाईदिन्छ । किराहरु, जनावरहरु र रोगले बालीनाली नष्ट गर्दछ । रोगबिरामी र चोटले लाखौ मानिसहरुलाई कष्ट र मृत्यु गराउछ । पतनको प्रभावहरु जतातै छन् । र यस संसारलाई सहि बनाउने एउटै मात्र तरिका परमेश्वरले सृष्टिलाई यस श्रापबाट उद्धार गर्नु हो ।

> **जब आदम र हव्वाले पाप गरेका थिए तर सृष्टि र मानवताको नतिजा धैरै हदसम्म पुग्यो किनकि मानवजातिलाई उधेश्यको लागि सृष्टि गरिएको थियो । उत्पतिमा हामीलाई भनिएको छ कि मानिस सृष्टि गरिएको थियो, नर र नारी, यस पृथ्वीमा प्रभुत्व जमाउन । तसर्थ, परमेश्वर र सृष्टिको बिच एक मध्यस्तको रुपमा, मनावजातिले के गर्छ भने सम्पूर्ण सृष्टिलाई असर गर्छ । त्यसो भए, यो आदमलाई फोहोरबाट सिर्जना गरेको तरिकामा देखीइन्छ, त्यसैले यो जडान हो कि सृष्टि गरिएको वास्तविकताको भाग्यले मानवले कस्तो प्रकारका कार्यहरु गर्छ भनेर बाध्य पार्दछ । जब आदम र हव्वाले पाप गर्छन तब हामी सामालाई हेर्छौं र संसार अब जीवन र सृष्टि प्रति शत्रुता हुदछ । र तसर्थ सृष्टिलाई चलाउनुको सट्टा सृष्टिकर्ताको क्रममा र परमेश्वरको सम्बन्धमा, मानव शासन अन्तर्गत भ्रामक सृष्टि मानव कुशासन, पर्मेश्वरबाट टाढा हुनु र विनाशसम्म पुग्नुको विपरित घटना भइरहेको छ । रोमी ८ मा पावलले यसरि भन्छन्, संसारमा भैरहेको कष्टहरु-त्यो प्राकृतिक प्रकोपहरु हुनसक्दछन्, हामीसंग भएको रोगीविरामी हुन सक्छ सबै कुरा सृष्टिको व्यर्थको अधिनसंग सम्बधित छ, जुन हाम्रो हातमा राखिएको थियो, हामी त्यसपछि मुलत यसलाई पुर्ण पापी शासन अन्तर्गत जोग्योऊ । तर त्यहाँ सृष्टिलाई व्यक्त गर्दै उहाँ भन्नुहुन्छ, "सृष्टिले परमेश्वरका चोरहरुको प्रकटको निम्ति उत्सुकतासाथ पर्खिरहेको छ ।" यसको कारण यो हो कि सृष्टि मानिसजातिले गरेको कामले गर्दा बर्बाद भएको थियो, सृष्टिलाई बचाउन सकिन्छ, मानिसजातिको सम्पूर्ण सृष्टि परमेश्वरमा ठिकसंग काम**



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**गरिरहेको छ जुन हामीले अहिलेसम्म देखेका छैनौ, तर दोस्रो आदम जहिले फर्किनुहुन्छ तब हामीले देख्नेछौ कि मानवजातिको लागि सृष्टि गरिएको कामलाई ख्रीष्टले खटाउनुहुन्छ र सृष्टिलाई आदेश दिनुहुन्छ जस्तो कि यो परमेश्वरको शासनको अधिनमा र यस तरीकाले यसको उचित प्रभुत्वमा हुनुपर्दछ । र हामी त्यो यशैया ११ मा पुर्वानुमानित भएको देख्छौं, जहाँ उनले पशुको राज्यमा र मानव र पशुहरुको बीचमा शान्ति स्थापना गरिरहेका छन् र हामी सृष्टिको महिमाको क्रम खोज्दछौं जुन कुराहरु हुनुपर्दथियो । र यो सबै मानवतामा आधारित छ जुन परमेश्वर अन्तर्गत यस मध्यस्थता भुमिकामा परमेश्वरको ईच्छालाई आफ्नो छवि धारकको रुपमा बोक्ने बनाउनको लागि सिर्जना गर्दछ ।**

**— Dr. John McKinley**

हामीले पाप र मानवता पतनको व्यक्तिगत परिणामहरु र सार्वभौमिक परिणामहरु विचार गर्यो, अब हामी पुत्रले पतन पछि दिनुहुने आशालाई हेरौं ।

## मानवजातिको लागि आशा

मानवता उद्धारको लागि आफ्नो योजना प्रकट गर्न परमेश्वरले लामो समय लिनुभएन । वास्तवमा, मानवताको लागि आशाको पहिलो झलक परमेश्वरले उनीहरुलाई श्राप दिनुभयो भन्ने तथ्यमा आयो । उत्पति २:१७ मा, तिनीहरुले असल र खराबको ज्ञान दिने रुखको फल खाएमा परमेश्वरले मार्ने धम्की दिनुभयो । तर जब आदम र हव्वाले नखानु भनेको फल खाए तिनीहरु तुरुन्त मरेनन् । बरु उनीहरुको मृत्युमा ढिलाई गरेर परमेश्वरले केहि समयसम्म दया देखाउनुभयो । र उहाँले अझै पनि दया देखाई मानवता बीचमा आफ्नो सेवा जारी राख्न अनुमति दिनुभयो । सृजनाको योजनाबाट ती हटाउनको सट्टा उहाँले मानवतालाई आफ्नो कामको केन्द्रमा राख्नुभयो ।

त्यसपछि परमेश्वरले केहि अझ दयालु काम गर्नुभयोः उहाँले एक उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो जसले शैतानको योजनाहरुलाई कुल्चने र परमेश्वरका जनहरुलाई विश्वासयोग्यतामा फर्काउनेछ । यस उद्धारकको पहिलो उल्लेखलाई प्रायः "पहिलो सुसमाचार" भन्ने गरिन्छ, र यो आदम र हव्वाले पाप गरेपछि सर्पको विरुद्धमा परमेश्वरको श्रापमा पाईन्छ ।

उत्पति ३:१५ मा भनिएको सरापलाई हेरौं, तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्यानेछ,

र तैले त्यसको कुर्कुच्चो डस्नेछस् (उत्पति ३:१५) ।

पतनमा, आदम र हव्वाले परमेश्वरसँग नभई विद्रोही सर्पको साथ आफुलाई मिलाए । तर पनि, परमेश्वरले आफ्ना मानिसहरुलाई त्याग्नुभएन । सर्पको यस श्रापमा परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि अन्तमा स्त्रीको सन्तानले सर्पलाई पराजित गरेर मानवतालाई बचाउनेछ ।

प्रकाश १२:९ र २०:२ ले सर्प वास्तवमा दियावलस थियो भनेर सिकाउँछ ।

त्यसकारण, ईभान्जेलिकल धर्मविद्हरुले निरन्तर बुझिसकेका छन् कि यो पहिलो सुसमाचार एउटा साधारण जनावरको प्रतिशोधको प्रतिज्ञा भन्दा बढि थियो । यसको साटो, सर्पको टाउको कुचल्न उद्धारक पठाउने परमेश्वरको प्रतिज्ञा मानव जातिलाई उनीहरुको पापको परिणामबाट उद्धार गर्ने थियो-उनीहरुलाई शैतानको वफदारिताबाट फर्काउने र उहाँको राज्यका विश्वासयोग्य नागरिकहरुको रुपमा उहाँसँगको उनीहरुको सँगतीलाई पुर्नस्थापना गर्ने ।

यी प्रारम्भिक सुसमाचारका स्वरुप उत्पति ३:२१ मा निरन्तर छन्, जहाँ परमेश्वरले आदम र हव्वालाई तिनीहरुको नग्नता र लाज ढाक्न छालाको लुगा प्रदान गर्नुभयो । यसले न त केवल मानवजातीको लागि परमेश्वरको निरन्तर प्रेम र प्रावधानको प्रर्दशन गर्यो, तर यसले त्यो दिनको पुर्वानुमान गर्यो जब परमेश्वरका मानिसहरुलाई छुटकारा दिन र तिनीहरुका पापहरु ढाक्न पुर्ण बलिदान दिईनेछ । र नयाँ करारले स्पष्ट गर्दछ कि, यस अनुसार यो बलिदान परमेश्वरको पुत्र आफै हुनुहुन्थ्यो ।

हामीले अनन्तकालमा पुत्रलाई, र सृष्टिमा उहाँको कार्यलाई हेर्यो, हामी हाम्रो तेस्रो प्रमुख शीर्षकलाई हेरौंः छुटकारामा पुत्रको काम ।.

## छुटकारा

आदम र हव्वाको पापमा फस्नुको मानवजाती र बाँकी सृष्टिको लागि भयानक परिणामहरु थिए । तर हाम्रो पाप भन्दा पनि परमेश्वर महान् हुनुहुन्छ । हाम्रा पहिलो अभिभावकले तुरुन्तै मानवजातिलाई उजाड पार्दा, परमेश्वरले हामीलाई उद्धार गर्ने आफ्नो योजना प्रकट गर्नुभयो । शुरुदेखि नै, पिताले आफ्नो पुत्रलाई मुक्तिदाता/उद्धारकर्ताको रुपमा नियुक्त गर्नुभयो जसले पापीहरुलाई मुक्ति दिनुहुनेछ र सारा सृष्टि गरिएको संसार पुनर्स्थापित गर्नुहुनेछ ।

हामीले छुटकाराको ऐतिहासिक अवधिलाई सम्पुर्ण युगको रुपमा पहिचान गर्यो जुन उत्पति ३ मा पतनको लगतै शुरु भयो, र त्यो येशू फर्कनुहुँदा स्वर्ग र पृथ्वीको समाप्ति नभएसम्म जारी रहनेछ । छुटकाराको यस अवधिमा पुत्रको काम विशेष गरी पाप क्षमा र मुक्तिदधारा

विशेषता छ । जब हव्वाको छोराले ल्याउने भविष्यको छुटकाराको आधारमा आदम र हव्वाले परमेश्वरबाट कृपा पाएपछि पुत्रले पापको लगत्तै पाप गर्नेहरुलाई बचाउन शुरु गर्यो । र उहाँले हरेक युगमा पापीहरुलाई बचाउन जारी राख्नु भयो-धेरैले आफ्नो पापहरुको लागि पश्चाताप गरे र उहाँमा विश्वासमा फर्के ।

हामी छुटकाराको अवधिमा पुत्रको भुमिकालाई तीन मुख्य विचारहरुमा अन्वेषण गरेर विचार गर्नेछौँ : पहिलो, पापीहरुलाई छुटकारा दिनको लागि पुत्रको मनसाय; दोस्रो, पिताले पापीको छुटकारा सुनिश्चित गर्ने प्रतिज्ञा पुत्रलाई दिनुभयो; र तेस्रो, यो छुटकारा पुरा गर्न पुत्रले कार्य गर्नुभयो । हामी पापीहरुलाई छुटकारा, उद्धार गर्ने पुत्रको मनसायबाट सुरु गरौँ ।

## मनसाय/प्रेरणा

पापीहरुलाई छुटकारा दिनको लागि पुत्रको मनसाय जटिल थियो, यो विभिन्न तरिकाले वर्णन गर्न सकिन्छ । उहाँ त्रिएकमा महिमा ल्याउने आफ्नो चाहानले उत्प्रेरित हुनुभयो । उहाँ सृष्टिको उद्येश्य पुरा गर्ने चाहानाबाट प्रेरित हुनुभयो । न्याय र दयाको लागि उहाँको चाहानाबाट प्रेरित हुनुभयो । तर धर्मशास्त्रले पुत्रको अभिव्यक्तिलाई छुटकाराको रुपमा वर्णन गर्न प्रयोग गर्ने सबैभन्दा प्रख्यात शब्दहरु मध्ये एक "प्रेम" हो -परमेश्वर प्रतिको प्रेम, सृष्टि प्रतिको प्रेम र मानवजाति प्रतिको प्रेम । र यो प्रेम पुत्रमा सीमित थिएन, त्रिएकका तीनै व्यक्तिले यसलाई साझा गर्नुभयो ।

परमेश्वर हामीलाई छुटकारा दिनको लागि प्रेरित हुनुहुन्छ किनकी परमेश्वर प्रेम हुनुहुन्छ | यसबारे धर्मशास्त्रमा स्पष्ट छ-

> **परमेश्वर हामीलाई छुटकारा दिनको लागि प्रेरित हुनुहुन्छ किनकी परमेश्वर प्रेम हुनुहुन्छ । यसबारे धर्मशास्त्रमा स्पष्ट छ - १ युहन्ना, "परमेश्वर प्रेम हुनुहुन्छ ।" युहन्ना ३:१६ संसारकै सबैभन्दा प्रख्यात बाईबल पदहरु मध्ये एक हो, "किनकि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो ।" त्यसोभए के कुराले उहाँलाई बचाउन र छुटकारा गर्न प्रेरित गर्दछ ? यो उहाँको प्रेमको कारणले हो । उहाँको ईच्छा र उहाँको रचनाको लागि आफ्नो ढाँचा, विशेष गरि मानव सृष्टि, उहाँलाई चिन्न, उहाँसँग सम्बन्धमा बस्न, उहाँमा परिपुणर् हुन र यसैले मानिसहरुले उहाँलाई चिन्न सक्ने मञ्च प्रदान गर्न, र उहाँ राम्रो परमेश्वर मायालुको रुपमा महिमित हुन सक्नुहुन्छ जसै उहाँ राम्रो परमेश्वर हुनुहुन्छ । त्यसकारण हाम्रो लागि परमेश्वरप्रतिको प्रेमले हामीलाई उद्धार गर्न उहाँलाई**

**उत्प्रेरित गर्दछ ।**

**— Dr. Steve Blakemore**

हामी त्रिएकका तीन व्यक्तिहरुबीचको प्रेमबाट सुरु गरेर तीन विचारहरु हेरेर पुत्रको मुक्तिमा खेल्ने भुमिकाको रुपमा परमेश्वरको प्रेमको अन्वेषण गर्नेछौँ ।

## त्रिएक

यसमा कुनै शंका छैन कि परमेश्वरले मानिसजातिलाई छुटकाराको लागि चुन्नुभयो किनभने उहाँले हामीलाई प्रेम गर्नुभयो । तर हामीले कहिलेकाँहि बिर्सन्छौँ कि परमेश्वरले मानिसजातिलाई गर्नुभएको प्रेम पुत्रको लागि पिताको प्रेमको पक्ष हो । एफिसी १:४-६ मा हामीलाई उद्धार गर्ने पिताको निर्णयलाई पावलले वर्णन गरेको तरिका सुन्नुहोस्,

> उहाँको सामुन्ने पवित्र र निष्कलङ्ग होऔँ भनेर संसारको उत्पतिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको ईच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सितैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् (एफिसी १:४-६) ।

यस छोटो खण्डमा तीन पटक पावलले उल्लेख गरे कि परमेश्वरले हामीलाई उहाँमा, येशू ख्रीष्टद्वारा र आफुले प्रेम गर्नुहुनेको निम्ति छुटकारा दिन चुन्नुभयो । र उहाँको एउटा कुरा के थियो भने पिताले पुत्रलाई गरेको प्रेमबाट परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ । तिनीहरुको अन्तर-त्रिएकको प्रेम हाम्रो छुटकाराको लागि अन्तिम अभिप्राय हो । हामी त्यस्तै शिक्षा रोमी ८:३९ र १ तिमोथी १:१४ पदहरुमा पाउँदछौँ ।

नयाँ नियमले बारम्बार यस तथ्यलाई ध्यान पुर्याउछ कि पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ जुन हाम्रो छुटकाराको लागि महत्वपुर्ण छ । मत्ती ३:१७, र १७:५, र पत्रुस १:१७ मा हामी देख्दछौँ, पिताले येशूको बप्तिष्मा र रुप परिवर्तनमा यो स्पष्ट पार्नुभयो । युहन्ना ३:३५ र ५:२०-२३ मा छुटकारा र न्याय गर्ने आफ्नो अधिकारको वर्णन गर्दा येशूले यसको उल्लेख गर्नुभयो । पावलले कलस्सी १:१३-१४ मा छुटकारालाई पिताले प्रेम गर्नुहुने पुत्रको राज्यको नागरिकता भनेर वर्णन गरे ।

र यो प्रेम दिशाहिन छैन यसमा त्रिएक सदस्यहरुको आदरणीय र आज्ञा पालन गर्ने ईच्छा, परमेश्वरको महिमा र प्रदर्शनको लागि, आफ्ना उधेश्यहरु पुरा गर्नका लागि, सारा सृष्टिमा उहाँको

शासन स्वीकार र प्रशंसा सामावेश छ र किनभने मानवजातिको सृष्टिको लागि परमेश्वरको उधेश्यको किन्द्रबिन्दु हो, हाम्रो छुटकारा त्रिएक भित्रको प्रेमको एक प्राकृतिक परिणाम हो ।

> **यो बुझ्न महत्वपुर्ण छ कि परमेश्वरले हामीलाई उद्धार गर्नुको कारण यो हाईन कि उहाँ हामीबिना रहन सक्नु हुदैन, अनि हामीलाई उद्धार गर्नुको कारण यो पनि होईन कि उहाँ छुटकारा पाएका मानिस बिना एक्लोहुनुहुन्थ्यो । परमेश्वर आत्मनिर्भर हुनुहुन्छ । उहाँलाई कुनैपनि कुराको लागि हाम्रो वा बाँकि सृष्टिको आवश्यकता पर्देनै । त्यसैकारण हामी यो जान्दछौ कि परमेश्वर कुनै आवश्यकताको कारण छटकारा दिनुहुदैन । उहाँ आफ्नो महिमाको लागि, आफ्नो चरित्रको वयान गर्नको लागि छुटकारा दिनुहुन्छ, त्यसैले सबै सृष्टि, स्वर्गबाट जसले उहाँको महिमाको वर्णन आफ्नो स्वरुपमा बनाएको मानवजातीमा जसले उहाँको महिमा प्रतिबिम्बित गर्ने उद्येश्यले बनाएका हुन्, उहाँ हुनुहुन्छ, उहाँको चरित्र देखाउन, उहाँको पवित्रता र योग्यता र सौन्दर्य प्रर्दशन गर्न हो । उहाँले गर्ने सबै कुरा त्यो अन्तिम अन्तको लागि हो । तर, उहाँले किन छुटकारा गर्नुहुन्छ? उहाँले छुटकारा गर्नुहुन्छ ता कि उहाँले सृष्टि छुटकारा द्धारा आफ्नो महिमा प्रर्दशन गर्न सकुन् भनेर ।**
>
> **— Dr. K. Erik Thoennes**

## सृष्टि

दोस्रो, सृष्टिको लागि परमेश्वरको प्रेमले छुटकाराको लागि पुत्रको भुमिकालाई पनि उत्प्रेरित गर्दछ | छुटकारामा पुत्रको भुमिका सृष्टिको लागि परमेश्वरको प्रेमले उत्प्रेरित गरेको थियो जुन हामी विभिन्न तरिकामा प्रष्ट हुदछौं । हामी यसलाई आफ्नो सृष्टिमा सृष्टिकर्ताका रुपमा देख्दछौं र विशेष गरी मानिसहरुप्रति उहाँको प्रेममा जुन उहाँकै स्वरुपमा सिर्जना गरिएको छ ।

सम्भवत : यसको सब भन्दा राम्रो उदाहरण युहन्ना ३:१६-१८ मा पढ्न सक्दछौं,

> "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहि पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषि ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाद्धारा बाँचोस् भनेर पठाउनुभयो ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषि ठहरिँदैन, तर विश्वास नगर्नेचाँहि अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन" (युहन्ना ३:१६-१८) ।

हामीले यो औल्याउनु पर्दछ कि युहन्नाले प्रायजसो संसार शब्द विभिन्न किसिमले प्रयोग गर्थे । विभिन्न स्थानहरुमा तिनिले संसार, पृथ्वी, समस्त मानवता, धेरै मानिसहरु, परमेश्वरको विरोध गर्ने मानिसहरु र मानव मुल्यमान्यता तथा अभ्यासलाई बुझाउन प्रयोग गरे । तर यस अवस्था, तिनिले यो त सृष्टि नै हो, वा सम्पुर्ण सृष्टि भित्रको मानवतालाई भनेको छ जस्तो देखिन्छ ।

युहन्ना ३:१६-१८ मा आधारभुत विचार यो हो कि परमेश्वरको प्रेमले उहाँलाई संसार बचाउन प्रेरित गर्नुभयो । उहाँ अझै पनि संसारलाई आफ्नो महिमित राज्य, जनसंख्या र आफ्नो सेवकहरु र स्वरुप, मानवजातिले शासन गरेका बनाउन चाहानुहुन्छ । त्यसकारण, उहाँले आफ्नो पुत्रलाई विश्वासमा बाँचेकाहरुलाई उद्धार गर्न पठाउने योजना बनाउनुभयो । विश्वासीहरुलाई बचाएर परमेश्वरले नयाँ मानवता सिर्जना गर्नुहुनेछ । र तब उहाँले स्वर्ग र पृथ्वीलाई आफ्नो गौरवशाली राज्यको रुपमा, र आफ्नो भर्खरै उद्धार गरिएको मानवताको घरको रुपमा नवीकरण गर्नुहुनेछ । यो विचार रोमी ८:२०-२२, २ पत्रुस ३:१३ र प्रकाश २१:१-४ मा पाउँदछौं ।

## विश्वासीहरू

तेस्रो, विश्वासीहरुप्रतिको परमेश्वरको प्रेमले छुटकाराको लागि पुत्रको भुमिकालाई पनि उत्प्रेरित गर्यो । धर्मशास्त्रका धेरैजसो भागहरुमा परमेश्वरले विश्वासीहरुलाई विशेष प्रेम गर्नुहुन्छ भनेर भनिएको छ । उहाँ हामीसँग घनिष्ठ सँगति राख्न, र आशिष दिन चाहानुहुन्छ । र हामीले उहाँलाई बदलामा प्रेम गरेको र उहाँसँगको सम्बन्धलाई सँधै रमाईलो गरेको चाहानुहुन्छ । वास्तवमा भन्ने हो भने, विश्वासीहरुको लागि परमेश्वरको प्रेम यति खास छ बाईबलले भन्दछ कि हामी जन्मनु भन्दा पहिले नै परमेश्वरले हामीलाई चिन्नुहुन्थ्यो र प्रेम गर्नुभयो । हामी यसलाई रोमी ८:२९-३९, एफिसी १:४-१२ र १ पत्रुस १:२ मा देख्छौं । धर्मशास्त्रले यो पनि स्पष्ट पार्दछ कि परमेश्वरले विश्वासीहरुलाई प्रेम गर्नुहुन्छ पुत्रको छुटकाराको लागि पठाउन पिताको अभिप्रा, साथै बुबाको ईच्छा पुरा गर्न छोराको ईच्छामा पनि महत्वपुर्ण भाग थियो । यो युहन्नाको पत्रहरुमा विशेष रुपमा स्पष्ट छ, युहन्ना १६:२७, १ युहन्ना ३:१६, ४:१०-१९ ।

यो भन्नको लागि अतिशयोक्तिपुर्ण कुरा छैन कि परमेश्वरले जे गर्नुहुन्छ हरेक कुरामा कमसेकम आफ्ना जनहरुप्रतिको प्रेमले उत्प्रेरित भएर गर्नुहुन्छ । परमेश्वरको प्रेम सबैभन्दा उत्तम

र पुर्ण रुपमा आफ्नो पुत्रमा प्रर्दशित छ । हामी सबै जीवनमा संर्घषद्धारा भएर जादछौं र कहिलेकाँहि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनि शंका गर्दछौ । जब हामी संर्घष वा शंका गर्छौं तर परमेश्वरले हामीलाई कम माया गर्नुहुन्न । वास्तविकता यो हो कि उहाँ हाम्रो सबै पाप र हाम्रो संघर्षहरु जान्नुहुन्छ, र उहाँ हामीलाई जे भए पनि प्रेम गर्नुहुन्छ । हामीले उहाँमाथि विश्वास गर्नु अघि, वा कहिले पनि हाम्रो पापबाट बच्न खोज्नु अघि, परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि उहाँले हामीलाई छुटकारा दिनको लागि आफ्नो पुत्र नियुक्त गर्नुभयो । र त्यो तिर्नपर्ने मोल ठुलो थियो - येशुले कष्ट भोग्नुपर्यो र हाम्रो पापको बोझमा मर्नुपर्यो । तर उहाँले प्रेमको लागि गर्नुभयो । र अब उहाँको पुनरुत्थानमा, येशू आफ्ना जनहरुप्रति परमेश्वरको छुटकारा दिने प्रेमको जीवित साक्षी हुनुहुन्छ ।

हामीले उद्धारको लागि परमेश्वरको मनसाय खोजी गर्यो, अब हामी ईश्वरीय प्रतिज्ञाहरुलाई हेरौं, जसले छुटकारा निश्चित बनायो ।

## प्रतिज्ञाहरु

परमेश्वरको प्रतिज्ञाहरु अपरिवर्तनीय छन् । तिनीहरु कहिल्यै परिवर्तन हुदैन, र उहाँले तिनीहरुलाई कहिल्यै भङग वा तोड्नु हुनेछैन । परमेश्वरले जुनसुकै प्रतिज्ञा गर्नुभए पनि अवश्य पुरा गर्नुहुनेछ । अब यो छुटकारामा पुत्रको भुमीका बारे हाम्रो बुझाई अति महत्वपुर्ण छ किनकी छुटकारा पिता र पुत्रबीचको प्रतिज्ञामा आधारित छ ।

यस अध्यायमा हामीले पहिले नै हेर्यो, त्रिएकका व्यक्तिहरु एउटा यस्तो व्यवस्थामा प्रवेश गर्नुभयो जसलाई कसै-कसैले “छुटकाराको करार” भने जसमा तिनीहरुले पतित मानवतालाई छुटकारा दिने वाचा गरेका थिए । र हामीले हेर्न लागिरहेका कुरा यो हो कि छुटकाराको करारले अर्को करार पापमा पतन भएपछि मुक्ति सुरक्षित गर्नको लागि बनायो । ईश्वरशास्त्रीहरु प्राय : यस पछिको करारलाई “अनुग्रहको करार” भन्छन् । यो गम्भीर व्यवस्था एकातिर पिता र अर्को तर्फ पुत्र र छुटकारा भएको मानिसको बीचमा गरिएको थियो । र यसले छुटकाराको सम्पुर्ण अवधिलाई शासन गर्दछ, मानवता पापमा फसेको लगत्तै शुरु हुन्छ, र जब येशू महिमामा फर्कनुहुन्छ तब यसको अन्तिम परिपुर्ति हुन्छ ।

यस करारमा, परमेश्वर पिताले पुत्र र विशेष गरी येशू ख्रीष्टको रुपमा अवतारको माध्यमबाट सृष्टि र मानवताका लागि आफ्नो राज्य योजनाहरु पुरा गर्ने प्रतिज्ञा गर्नुभयो । र पुत्र परमेश्वरले छनौट गर्नुभएको दाउद राजाको वंशबाट मानव भएर अवतार बन्ने प्रतिज्ञा गर्नुभयो र छुटकाराको पुर्व करारमा उल्लेख गरिएका सबै सर्तहरु पुरा गर्ने प्रतिज्ञा गर्नुभयो । उहाँ पतित



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

मानवताको निम्ति प्रायश्चितको निम्ति मर्नेछ, र पश्चाताप र विश्वासमा उहाँतर्फ फर्कने सबैलाई पापको उपस्थिति, भ्रष्टचार र दोषबाट छुटकारा दिनु हुनेछ । र यी प्रतिज्ञाहरुको साथ संयोजनमा, पिता र पुत्र दुबैले उद्धारको लाभहरु पुत्रले उद्धार गरेकोहरुलाई प्रयोग गर्न पवित्र आत्मा पठाउन सहमत गर्नुभयो ।

ईश्वरशास्त्रीहरु अनुग्रहका करारलाई प्राय छ वटा प्रशासनमा विभाजन गर्दछन्, जुन परमेश्वरले आफ्ना जनहरुसँग अनुग्रहको करारलाई पुष्टि गर्न ईतिहासभरि गर्नुभयो । यी प्रशासनहरु सामान्यतया मानवजातीको साथ पहिचान हुन्छन् जुन करारको समारोहको बखत गरिएको थियो ।

यो उत्पति ३ मा आदमको पतन भएको लगतै शुरु हुन्छ जब परमेश्वरको करारका मानिसहरुका शिर हुन् । यो सामान्यतया “आदमिक प्रशासन” , वा साधारणतया “आदमिक करार” को रुपमा चिनिन्छ । यस प्रशासन अन्तर्गत उत्पति ३:१५ मा मानवतालाई मुक्तिको लागि सबैभन्दा पहिला प्रस्ताव गरिएको थियो, जुन हामीले “पहिलो सुसमाचार” भनेर चिनिन्छौं ।

अर्को नविकरणको करार थियो जुन नोआसँग उत्पति ६-९ मा बाध्नुभएको थियो । नोआको करारको प्रशासनमा, परमेश्वरले यस सृष्टिलाई स्थिर तरीकाले कायम राख्ने प्रतिज्ञा गर्नुभयो ताकि पुत्रको छुटकारा कार्य सम्पन्न नभएसम्म मानवता सुरक्षित रहनेछ ।

यसपछि, परमेश्वरले अब्राहमसँग एउटा करार बाध्नुभयो, जुन उत्पत्ति १५, १७ मा वर्णन गरिएको छ, र उत्पत्ति २२ मा पुन पुष्टि गरिएको छ । यस करारले अब्राहमको परिवारलाई विशेष सुअवसरहरु र दायित्वहरु प्रदान गर्यो, र प्रतिज्ञा गर्यो कि उनका एक सन्तान उद्धारकर्ता हुनेछ । र गलाती ३ अनुसार यो विशेष वंश येशू हुनुहुन्थ्यो ।

पावलले गलाती ३:१६ मा भन्नुभएको वचनलाई सुनौं,

> प्रतिज्ञाहरु अब्राहम र उनको सन्तानलाई दिईएका थिए । धर्मशास्त्रले “सन्तानहरुलाई” भन्दैन, यसले त धेरै मानिसहरुको संकेत दिन्छ । तर धर्मशास्त्रले “तिम्रो सन्तानलाई” भन्छ, यसले एक जना मानिसको मात्र संकेत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ (गलाती ३:१६) ।

अब्राहमको प्रशासनको करार अब्राहमलाई मात्र होईन तर ख्रीष्टलाई पनि गरिएको थियो भनेर पावलले औंल्याए । परमेश्वरको पुत्र प्रतिज्ञा गरिएको उद्धारक हुनुहुन्थ्यो जसले आफ्नो विश्वासी जनहरुलाई सबै परमेश्वरको करारका आशिषहरु ल्याउनुहुनेछ-विशेष गरी पापबाट छुटकाराको आशिष ।

त्यसपछि मोशाको समयमा ईस्रायलीहरु सित बाध्नुभएको करार जुन प्रस्थान

१९-२४ र व्यवस्थाको पुस्तकमा व्याख्या गरिएको छ । मोशाएल करार वा मोशाको प्रशासनमा परमेश्वरले बलि चढाउने प्रणाली स्थापना गर्नुभयो जसले पुत्रले चढाउने बलिदानको चित्रण गर्दछ जब उहाँ नासरतका येशूको रुपमा धारण गर्नुहुन्छ । यी मोशाको बलिहरुले पिता र पुत्रले सृष्टि गर्नुभन्दा अघि गरेका प्रतिज्ञाहरुको स्पष्ट देखिने पुष्टि थियो । र यी बलिदानहरुको माध्यमबाट, परमेश्वरको विश्वासी जनहरुले पुत्रले पुरा गर्नुहुने छुटकाराको पुर्वानुमान प्राप्त गरे ।

यस समयमा, ईस्रायलका एक राज पुजाहारीगिरीको दल र एक पवित्र राष्ट्रको रुपमा स्थापित भएको थियो । उनीहरुले परमेश्वरको करारप्रति आज्ञाकारी भएर पुत्रले शासन गर्ने पार्थिव राज्य निर्माण गर्नेथिए ।

करारको पाँचौ प्रशासन, र पुरानो नियमको अवधिको अन्तिम प्रशासन, दाऊदको अधिनमा रहेको एउटा थियो, जसलाई प्रायजसो "दाउदसँगको करार" भनिन्छ । २ शमुएल ७ र भजनसंग्रह ८९, १३२ जस्ता ठाउँहरुमा अनुग्रहको करारको दाउदको प्रशासनको उल्लेख छ । यस समयमा, परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि मुक्तिदाता दाऊदको वंशबाट आउँनुहुनेछ र उहाँले पृथ्वीमा परमेश्वरको राज्य स्थापना गर्नेछन् र यस मार्फत उहाँमाथि विश्वास गर्ने सबैको लागि उहाँले छुटकारा ल्याउनुहुनेछ ।

अन्तमा, छैठौं प्रशासन येशूको समयमा शुरु भयो र उहाँ नफर्कुन्जेल निरन्तर हुनेछ । बाईबलमा सामान्यतया यस प्रशासनलाई "नयाँ करार" भन्दछ, जस्तो हामी लुका २२:२०, र हिब्रु ९:१५ र १२:२४ जस्ता ठाउँहरुमा पाउँदछौं । अनुग्रहको करारको यस प्रशासन अन्तगत, छुटकाराको सबै कामहरु थियो र वास्तवमा पुरा भईसकेको थियो । पापको बलिदानको रुपमा मर्नुपर्दा येशूले आफ्ना प्रतिज्ञा पुरा गर्नुभयो । पिताले उहाँको बलिदान स्वीकार गर्नुभयो । र येशू नै उनीहरुको उद्धारकर्ता हुनुहुन्छ भनेर विश्वास गर्ने सबैको लागि पवित्र आत्माले छुटकारा प्रयोग गर्दै हुनुहुन्छ ।

> **मुक्तिको आधार सधै पुत्रको माध्यमबाट आएको छ । जहाँ तपाई क्रमिक रुपमा येशूको सेवाकाईको वास्तविक अवधिको सापेक्ष छुटकाराको ईतिहासमा निर्धारण गर्नुहुन्छ कि त्यो केन्द्रबिन्दु हो वा त्यो झलक पुर्वव्यापी हो, किनकी नयाँ करारमा प्रतिज्ञाहरुलाई फर्केर हेर्दा त्यो हाम्रो लागि हो जुन येशूको सेवाकार्यमा पुर्ण र पुरा भएको छ । वा पुरानो करारमा भएकाहरुको लागि हामी अहिलेको बुझाईमा जति विशष्टि देख्दैनौं त्यो हेर्नेछौं, तर परमेश्वरले गर्नुभएका प्रतिज्ञाहरु अनुरुप, जुन येशूको व्यक्तित्वमा पुरा भएकोछ । त्यसोभए, हो, हाम्रो मुक्तिको आधार सधै येशू हुनुहुन्छ ।**
>
> **— Dr. Rob Lister**



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**त्यहाँ केहि व्यक्तिहरु छक्क पर्दछन् कि त्यहाँ ख्रीष्टको आगमन हुनुभन्दा अघि पुरानो नियममा मानिसहरु मुक्ति पाएका विभिन्न तरिकाहरुका थिए कि ? र त्यस्ता जवाफहरु दिईएका छन् जसरी कसै-कसैलाई सरकारले बचाईएको थियो वा कसैलाई व्यवस्थाद्धारा बचाईएको थियो वा कसै-कसैलाई अरु कुनै माध्यमद्धारा मुक्ति दिएको थियो, नियमद्धारा र ईस्रायलका मानिसहरुका भाग भएका कारणले बचाईएको थियो । केहि खतना गरेर मुक्ति पाएको हुन सक्छ । तर बाईबलको सम्पुर्ण शिक्षा यो हो कि यी सबै चीजहरु केवल एउटा घटनाको लागि मात्र तयार भएको थियो जसले वास्तवमा हामीलाई बचाउँन सक्दथ्यो । यद्यपि बलिदान प्रणाली जत्तिकै विस्तृत थियो र जति महत्वपुर्ण थियो, अगमवक्ताहरु आफैले मानिसहरुलाई परमेश्वरतिर फर्केका हृदयहरु छैनन् भने बलिदानहरु दिन बन्द गर्न भनि भनेका छन् । अनि हिब्रुको पुस्तकले पुर्ण रुपमा स्पष्ट पार्दछ कि गोरु र बाख्राको रगतले पाप कहिल्यै पनि पाप हटाउन सक्दैन । त्यहाँ केवल एउटा बलिदान थियो जसले मात्र गर्न सक्दथ्यो । र त्यो ख्रीष्टको व्यक्तिको विशिष्टताको कारण थियो । उहाँ परमेश्वर र मानिस एक व्यक्तिमा हुनुहुन्थ्यो । एक व्यक्तिको एक्लोपन मात्र त्यस्तो व्यक्ति हो जसले हामीलाई परमेश्वरमा छुटकारा फर्काउन सक्दथ्यो ।**

**— Dr. Thomas Nettles**

हामीले ईश्वरीय मनसाय वा प्रेरणा र मुक्ति सम्बन्धी प्रतिज्ञाहरुलाई हेर्यौं, अब हामी पुत्रले छुटकाराको लागि गरेको काम, विशेष गरी नासरतका येशूको रुपमा अवतारको माध्यमलाई हेर्नेछौँ ।

## काम

येशुको मुक्तिको कामको चार पक्षहरुलाई हामी विचार गर्नेछौँ : उहाँको राज्यको उद्घघाटन, पिताप्रति उहाँको आज्ञाकारिता, उहाँको पुनरुत्थान, र उहाँको स्वर्गरोहण । हामी पहिले परमेश्वरको राज्यको उहाँको उद्घाटनलाई हेरौँ ।

### राज्यको उदघाटन

पुरानो नियमको अवधिभरि परमेश्वरका जनहरु त्यस दिनको लागि उत्सुक थिए जब परमेश्वरले आफ्नो राज्यलाई नाटकीय तरिकाले पृथ्वीमा ल्याउनुहनेछ, उनीहरुका शत्रुहरुलाई पुर्ण रुपमा नाश गर्नुहुनेछ र तिनीहरुलाई अनन्त जीवनको आशिषमा स्थापना गर्नुहुनेछ । त्यो दिन थियो जब मानवताको मूल जनादेश अन्तत पुरा हुनेछ । परमेश्वरले आफ्नो सृष्टिलाई पुर्ण रुपमा पुर्नस्थापित गर्नुहुनेछ, र उहाँको ईच्छा स्वर्गमा सिद्ध तरिकाले सम्पन्न भईसके झै पृथ्वीमा पनि सम्पन्न हुने थियो ।

जब पुरानो नियमका भविष्यवक्ताहरुले इस्रायल, मानवता र सृष्टिको पुनर्स्थापना बारेमा कुरा गरे, उनीहरुले प्राय जसो यसलाई प्रभुको दिन वा अन्तिम दिन भने । उनीहरुले मसीह वा ख्रीष्टलाई अन्तिम व्यक्तित्वको रुपमा पहिचान गरे कि अन्तिम दिनहरुमा परमेश्वरको राज्यको नेतृत्व गर्नुहुनेछ । र नयाँ नियम अनुसार, परमेश्वरको पुत्र, येशू जो लामो समयदेखि प्रतीक्षित मसिह हुनुहुन्छ जो पृथ्वीमा परमेश्वरको राज्य स्थापना गर्न आउनुभयो ।

येशूले आफ्नो समयमा परमेश्वरको राज्यलाई पृथ्वीमा ल्याउनु भएको कुरा सिकाउनुभयो । उदाहरणका लागि, मत्ती १२:२८, मा उहाँले भन्नुभयो, "परमेश्वरको राज्य तिमीहरुमा आईसकेको छ" यसको मतलब राज्य यहाँ आईसकेको छ । र लुका १६:१६ मा, उहाँले फेरि सिकाउनुभयो कि मानिसहरु परमेश्वरको राज्यमा प्रवेश गरिसकेका छन् जब उहाँले भन्नुभयो, "सबैले यसमा प्रवेश गर्न बाध्य छन् ।"

दुर्भाग्यवस, येशूको दिनका धेरै मानिसहरुले परमेश्वरको राज्य आईसकेको छ भन्ने धारणालाई अस्वीकार गरे, किनकि उनीहरुले यो एक इन्कार गर्न नमिल्ने वास्तविकता संसार हो कि भनि स्वीकार गरे जुन सबैद्वारा स्वीकार गर्नेछन्-सम्पुर्ण विश्व व्यवस्था क्रमको एक स्पष्ट र भौतिक चीज माथिको विजय । तर येशुले सिकाउनुभयो कि राज्य अर्के किसिमले आएको थियो ।

उहाँले लुका १७:२०-२१ मा भन्नुभएको वचनलाई सुनौं

> “परमेश्वरको राज्य देखिने गरी आउँदैन, न त मानिसहरुले भन्नेछन्, हेर यहाँ छ ! अथावा त्यहाँ छ ! किनभने हेर, परमेश्वरको राज्य तिमीहरुकै बीचमा छ” (लुका १७:२०-२१) ।

निसन्देह, येशूले परमेश्वरको राज्य पुर्ण रुपमा ल्याउनु भएको छैन । उहाँले केवल त्यो काम मात्र सुरु गर्नुभयो । त्यसकारण, उहाँले शुरु गर्नुभएको कामको अन्तलाई अझै पनि हामी उहाँलाई पर्खिरहेका छौं - परमेश्वरको राज्यलाई पुरा गर्न वा सिद्ध गर्न । तर यो एक ढिलो प्रक्रिया हो । मत्ति १३, मर्कुस ४ र लुका १३ मा येशूले आफ्ना दृष्टान्तहरु सिकाउनुहुँदा, परमेश्वरको राज्य



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

बीउजस्तै हो जुन समयसँगसँगै बढ्दै जान्छ, वा खमिरले समयसँगै रोटीलाई फुलाउँदछ । यी दृष्टान्तहरुको साथ अनुरुप, हामी भन्न सक्छौं कि राज्य रोपिएको छ, तर फसलको दिन भविष्यमा येशू फर्केर नआउन्जेल पुरा हुने छैन ।

नयाँ नियमले सिकाउँदछ कि येशू, परमेश्वरको देहधारी पुत्र, पृथ्वीमा परमेश्वरको राज्यको उदघाटन गर्नुभयो । र यसले निर्धक्क भई सिकाउँछ कि जब उहाँ महिमामा फर्किनुहुन्छ, यो दुष्ट युग पुर्ण रुपमा अन्त्य हुनेछ, र नयाँ स्वर्ग र नयाँ पृथ्वीले परमेश्वरका जनहरुलाई पूर्ण पुर्नस्थापना गर्नेछ । र यसले हामीलाई ठुलो आशा र आत्मविश्वास दिन्छ । पतित संसारमा, कहिलेकाँहि यस्तो लाग्दछ कि दुष्टले जितिरहेको छ, र हामीले कुनै चीजको लागि कष्ट भोग्नुपर्दैन । तर परमेश्वरले न्याय गर्नलाई ढिलाई गर्नुहुन्न । त्यो दिन आउँदैछ जब उहाँ आफ्ना शत्रुहरुको विरुद्धमा अन्तिम फैसला ल्याउनुहुनेछ । उहाँले पाप, दुःख र मृत्युलाई संसारबाट पुर्ण रुपमा मेटाउनेछ । र उहाँले आफ्नो सबै विश्वासयोग्य मानिसहरुलाई उहाँको राज्यमा अनन्त उत्तराधिकार दिनुहुनेछ । येशूले धेरै आश्चर्यपुर्ण काम र शिक्षाहरुद्धारा आफुलाई प्रमाणित गर्नुभयो, र हाम्रो राज्यको आशिषहरुमा हामीलाई उहाँको पवित्र आत्मा बैनाको रुपमा प्रदान गर्नुभयो । त्यसोभए, हामी यो कुरा पक्का गर्न सक्छौं कि उहाँले आफ्नो राज्यलाई सिद्ध बनाउनुहुनेछ र हामीलाई पुर्ण उत्तराधिकार दिनुहुनेछ ।

हामीले हेर्यौं कि येशूले कसरी परमेश्वरको राज्यको उद्घाटन गर्नुभयो, अब पिताको लागि उहाँको आज्ञाकारिताको कामलाई हेरौं ।

## आज्ञाकारिता

हाम्रो पाठको सुरुमा, हामीले मानव जीवनको पापमा पतनको व्यक्तगत परिणामहरुको बारेमा विचार गर्यौं । हामीले देख्यौं कि आदमको पहिलो पापको दोष सम्पुर्ण मानवतामा सर्यो, किनकि आदमले मानव करारलाई हाम्रो करारको शिरको रुपमा प्रतिनिधित्व गर्थे । हामीले परमेश्वरसँगको बिग्रिएको संगति र भ्रष्टता पनि भोगेका छौं जसले हामीलाई मुक्ति कमाउनबाट रोक्दछ ।

वास्तवमा, एक महत्वपुर्ण अर्थमा, हाम्रो उद्धारकर्ताको रुपमा येशूको भुमिका समावेश गर्न सफल भयो जहाँ आदम असफल भए । येशूले पिताको पुर्ण आज्ञाकारीताको जीवन बिताउनुभयो र उहाँ क्रुसमा मर्नुभयो । र उहाँको आज्ञाकारीताबाट, आदमले गुमाएको आशिषहरु उहाँले जित्नुभयो । र अब उहाँले ती आशिषहरु आफ्ना सबै विश्वासयोग्य मानिसहरुमा बाँडिरहनु भएको छ । येशू र आदम बीचको समानताहरुबारे रोमी ५:१२-१९ र १ कोरिन्थी १५:४५ मा विस्तृत रुपम उल्लेख गरिएको छ । त्यसको साथै पावलले उहाँलाई "अन्तिम आदम" पनि भने ।

ईश्वरशास्त्रीहरु आज्ञाकारीताको दुईपक्षको बारेमा बोल्दछन् जुन येशूले आफ्नो जीवनभरि गर्नुभयो । एकातिर, उहाँको निष्क्रिय आज्ञाकारिता चाँहि उहाँको अपमान र दुःखको जीवनको



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

अधीन र उहाँले क्रुसमा सिद्धयाउनुभएको काम थियो । क्रुसमा उहाँको मृत्युले परमेश्वरले चाहानुभएको कुरा सन्तुष्ट भयो कि पापलाई मृत्युद्धारा दण्ड दिनुपर्छ । मृत्युलाई पापले दण्डित गरेको केवल परमेश्वरले चाहानुहुन्छ । उहाँको निष्क्रिय आज्ञाकारीतामा येशू हाम्रो विकल्प हुनुहुन्थ्यो । उहाँले हाम्रो दोष उहाँमाथि थाप्न अनुमति दिनुभयो, त्यो हो, उहाँको खातामा हिसाब । र एक पटक उहाँ यसरी परमेश्वरको नजरमा दोषी ठहरिनुभयो, उहाँ हाम्रो ठाउँमा मर्नुभयो । यो एउटा कार्यले हाम्रा सबै पापहरुको लागि दण्ड तिरेको छ, ता कि परमेश्वरको न्याय र क्रोधले अब हामीलाई धम्काउँदैन । यो कार्यले हाम्रो पापहरुको क्षमा पायो र कानुनको दण्डबाट हामीलाई स्वतन्त्र गर्यौ ।

जसै पावलले रोमी ५:१८-१९ मा लेखेका छन्,

> यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराए जीवन ल्याउँछ । किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाईए, त्यसै गरी एकै जनाको आज्ञाकारितादधारा धेरै जना धार्मिक बनाईनेछन् (रोमी ५:१-१९) ।.

यहाँ, पावलले स्पष्ट रुपमा आदम र येशूलाई तुलना गरे । र उनको कुराचाँहि यो थियो कि जब येशू हामीलाई प्रतिनिधित्व गर्नुहुन्छ त्यसरी नै आदमले पनि हामीलाई प्रतिनिधित्व गरेको थियो । येशुको क्रुसमा बलिदानले हामीलाई परमेश्वरको न्यायबाट मुक्त गर्दछ, र उसलाई धर्मीको रुपमा देखाउँदछ ।

येशूले आज्ञा गर्नुभएको दोस्रो आज्ञाकारिता भनेको सक्रिय आज्ञाकारीता थियो । यो आज्ञाकारीता चाँहि पिताले आज्ञा गर्नुभएको सबै कुरा उहाँको आज्ञापालनको जीवन थियो । आफ्नो देहधारीमा, येशूले परमेश्वरको व्यवस्थालाई सिद्धरुपमा पालन गर्नुभयो । उहाँले कहिले पाप गर्नुभएन र उहाँले सधै परमेश्वरको आज्ञाहरु पालन गर्नुभयो । त्यसरी नै हाम्रो दोष येशूमा क्रुसमा हालिदिनुभएको थियो, उहाँको धार्मिक आज्ञाकारीता हामीमा हालिदिनुभएको छ । ईश्वरविदहरु प्राय : यसलाई "न्यायिक धार्मिकता" भन्छन्, यसको अर्थ यद्यपि हामी अझैसम्म पापको वासस्थानबाट पुर्ण रुपमा स्वतन्त्र भएका छैनौं तर हामीलाई धर्मि ठहराउनुभएको छ । परमेश्वर हामीहरुलाई देहधारी येशूको समान हेर्नुहुन्छ - मानौं जस्तै हामीले उहाँको सिद्ध जीवन बिताएकाछौं र उहाँकै सबै असल कामहरु हामीले गर्यो । फलस्वरुप, परमेश्वरसँगको हाम्रो संगति पुर्नस्थापित भएको छ । यद्यपि भ्रष्टताले अझै हामीलाई मुक्ति कमाउनबाट रोक्दछ, तर परमेश्वरले हामीलाई येशूको गुणताको आधारमा मुक्तिको आशिष दिनुभएको छ ।

> **बाईबलले भनेझै हाम्रो पाप, पतित अवस्थाबाट "क्रोधका सन्तानहरु" को रुपमा छुटकारा पाउन, हाम्रो समस्याको समाधान गर्न हामीलाई परमेश्वरको आवश्यकता छ । हामी असहाय, आशाविहिन, हाम्रो आफ्नै पापको समस्या समाधान गर्न असमर्थ छौं । तर परमेश्वर, आफ्नो अनुग्रहमा, हाम्रो समस्या समाधान गर्नुहुन्छ । र त्यो तरिका उहाँले आफ्नो पुत्रलाई हाम्रो प्रतिनिधित्व गर्न पठाउनु भएर गर्नुभयो । परमेश्वर पुत्र एक मानिस बन्नुहुन्छ र आज्ञाकारीताको सिद्ध जीवन जीउनुहुन्छ, क्रुसमा सिद्ध मृत्यु मर्नुहुन्छ, र त्यसपछि हाम्रो लागि मृत्युलाई हराउँदै चिहानबाट बाहिर निस्किनुहुन्छ । र त्यसबेला हामीले उद्धार गर्न सक्ने एक मात्र तरिका यो नयाँ सृष्टिको हिस्सा हुनु हो, पुनरुत्थान गरिएको मुक्ति जीवनको यो पहिलो फल हो जुन येशूले प्रतिनिधित्व गर्नुहुन्छ । र हामी त्यसमा सहभागी हुने तरिका उहाँमा विश्वास गरेर, नयाँ मानिस, नयाँ आदम, जो हाम्रो पतित अवस्थाबाट छुटकारा पाएको यस नयाँ प्रकारको मानवतालाई प्रतिनिधित्व गर्ने ख्रीष्टमा विश्वास राखेर हो । त्यसकारण, यो ख्रीष्ट माथिको विश्वास भनेको, परमेश्वर-मानिस जसले हामीलाई आफ्नो उद्धार कार्यमा प्रतिनिधित्व गर्नुभयो, कि हामीले छुटकारा पाउँछौं ।**
>
> **— Dr. K. Erik Thoennes**

हामीले येशुको कामलाई परमेश्वरको राज्य र आज्ञाकारिताको रुपमा हेरेका छौं, अब हामी उहाँको मृत्युबाट पुनरुत्थानलाई हेर्नेछौं ।

## पुनरुत्थान

येशूको शारीरिक पुनरुत्थान उनको छुटकाराको कामको लागि महत्वपूर्ण थियो । मृतकबाट जीवित भएर, येशूले मृत्युलाई आफैले जित्नुभयो, र उहाँमाथि विश्वास गर्ने सबैको अनन्त शारीरिक जीवन सुरक्षित गर्नुभयो ।

१ कोरिन्थी १५:२०-२१ मा पावलले कसरी येशूको पुनरुत्थानको वर्णन गरे सुन्नुहोस् ।

> वास्तवमा ख्रीष्ट मृतकहरुबाट जीवित हुनुभएको छ । सुतिजानेहरुमध्येमा उहाँचाँहि प्रथम फल हुनुहुन्छ । किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरुको पुनरुत्थान पनि मानिसबाट नै आयो (१ कोरिन्थी १५:२०-२१) ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

आदमको पापले मृत्यु ल्यायो । तर जब येशू मरेकाहरुबाट बौरी उठ्नुभयो, उहाँले सुनिश्चितता दिनुभयो कि उहाँमा विश्वास गर्ने सबै पनि पुनरुत्थान हुनेछन् । र जब उहाँ फेरि आउनुहुन्छ, हामी सदाको लागि महिमीत शरीरमा अनन्त बाँच्नेछौं जुन हाम्रो उद्धारकसँग पहिलेदेखि नै छ ।

येशूको पुनरुत्थानको समझ हाम्रो दिमागमा राख्दै, हामी छुटकाराको कामको चौथो पक्षलाई हेरौं : उहाँको स्वर्गरोहण ।

## स्वर्गारोहण

उहाँको पुनरुत्थान पछि, येशू आफ्नो चेलाहरुसँग चालीस दिनको अवधिसम्म देखा पर्नुभयो र तिनीहरुलाई परमेश्वरको राज्यको बारेमा सिकाउनुभयो । यस समयको अन्तमा, उहाँ शारीरिक रुपमा स्वर्गमा लगिनुभयो । यो घटना लुका २४:५०, ५१ र प्रेरित १:३-११ मा उल्लेख गरिएको छ ।

कम्तिमा दुई कारणका लागि येशूको छुटकाराको कामको लागि स्वर्गारोहण महत्वपुर्ण थियो । एकातिर, उहाँ राजाको रुपमा सिंहासनमा बस्नको लागि स्वर्गमा चढिजानुभयो । उहाँ अब पिताको सेवक राजाको रुपमा सबै सृष्टिमाथि र विशेष गरी आफ्ना जनहरुमाथि, मण्डलीमाथि शासन गर्नुहुन्छ । यी घटनाहरु १ कोरिन्थी १५:२३-२५, हिब्रु १२:२ र १ पत्रुस ३:२२ मा उल्लेख गरिएको छ ।

अर्कोतर्फ, स्वर्गरोहण पनि महत्वपुर्ण थियो किनकि यसले स्वर्गीय मन्दिरमा आफ्नो बलिदान पूरा गर्न, र पिताको उपस्थितिमा रहन आफ्ना जनहरुको निम्ति मध्यस्थता र अन्तरविन्ति गर्ने अनुमति दिनुभयो । मध्यस्थको रुपमा आफ्नो भुमिकामा, येशूले पितालाई आफुले क्रुसमा चढाउनुभएको बलिदानको सम्झना दिलाउँछ, ताकि पिताले आफ्ना विश्वासयोग्य जनहरुलाई क्षमा र आशीर्वाद दिनुहुनेछ । हामी हिब्रु ७:२५-२६, र ९:११-२८ जस्ता खण्डहरुमा पाउँदछौं ।

अब, एक अर्थमा, सृष्टि हुनुअघि पितासँग गरेको छुटकाराको करारको कारण पुत्र सधै हाम्रो मध्यस्थ हुनुभएको छ । तर उहाँ स्वर्गमा उक्लेपछि पुत्र विशेष तरिकामा हाम्रो मध्यस्थ बन्नुभयो ।

मध्यस्तताको रुपमा येशूको भुमिका १ तिमोथी २:५-६ मा पावलले व्याख्या गरेको कुरालाई हेरौं ।

> किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्त पनि एउटै हुनुहुन्छ-मानिस ख्रीष्ट येशू । उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिईयो (तिमोथी २:५-६) ।

परमेश्वरका पुत्र येशु ख्रीष्ट पापीहरुको बलिदानको रुपमा मर्नुभयो । र अब उहाँ पिताको सिंहासनको अगाडि सेवा दिनुहुन्छ, यो कुराको सुनिश्चितता गर्दै कि क्रुसमा तिर्नुभएको मोल निरन्तर हाम्रो जीवनमा लागु हुन्छ । जब हामी हिब्रु ७:२५ मा पढ्छौं,



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

फलस्वरुप उहाँद्धारा परमेश्वरको नजिक आउनेहरुलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरुका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैब जीवित रहनुहुनेछ । (हिब्रु ७:२५) ।

**अरु कोहिमा मुक्ति छैन, तर पुत्र येशूको नाममा छ । सर्वप्रथम, कुनै पनि धार्मिक अगुवाहरुले येशू ख्रीष्टको सिद्ध ओहदामा पुगेनन् र ती मध्ये कुनै पनि अनन्त छैनन् । यसबाहेक, यो महत्वपुर्ण छ कि परमेश्वर र मानिस बीचमा येशू ख्रीष्ट मात्र एक योग्य मध्यस्थ हुनुहुन्छ । यस संसारको धर्म र दर्शनहरुले हामीलाई जीवनको राम्रो सिद्धान्तहरु दिन सक्छन् । तर केवल येशू ख्रीष्ट मात्र उहाँ हुनुहुन्छ जो परमेश्वरबाट आउनुभयो र परमेश्वरमा फर्कनु भयो । केवल उहाँले मात्र हामीलाई परमेश्वरसँग मिलाप गर्न, र हाम्रा पापहरु लिन सक्षम हुनुहुन्छ । तसर्थ, उहाँ परमेश्वर र मानिसबीच मध्यस्थकर्ता हुनुहुन्छ, केवल एक नैतिक वा दार्शनिक अर्थमा मात्र हाईन, तर आफ्नो व्यक्तित्वमा पनि । बाईबलिय शब्दहरुमा, येशू एक मात्र परमेश्वर-मानिस हुनुहुन्छ, मानिसका निम्ति उद्धारक हुनुहुन्छ र कोहि पनि व्यक्तिगत प्रयास र नैतिक आचरणले यो सिद्ध स्थितिमा पुग्न सक्दैन ।**

**— Dr. Stephen Chan, translation**

हामी सबै जीवनमा परीक्षाहरु र संघर्षहरुबाट पार हुदछौं । यदि परमेश्वरले कहिलेकाहीं हाम्रो प्रार्थना सुन्नुहुन्छ भनि हामी अचम्ममा पर्दछौं । तर हाम्रो शंकाको बाबजुद पनि, बाईबलले हामीलाई सुनिश्चित दिन्छ कि येशूले हाम्रो छुटकाराको लागि पापको मोल तिर्नुभयो । उहाँ हाम्रो अनन्त जीवनको लागि पुनरुत्थान हुनुभएको थियो । हाम्रो फाईदाको लागि र हाम्रो निम्ति निरन्तर अन्तरविन्ति गर्नको लागि उहाँ स्वर्गको सिंहासनमा आफ्नो राज्य शासनको लागि उक्लनुभयो । यसको मतलब जीवन सधै सजिलो हुन्छ भन्ने होईन । तर यसको अर्थ यो हो कि हाम्रो उद्धारकर्ताले सधै हाम्रो कुरा सुन्नुहुन्छ, हामीसँग सहानुभुति राख्नुहुन्छ, र हामीलाई प्रेम गर्नुहुन्छ, र उहाँले ल्याउनु भएको उद्धारमा हामी सुरक्षित छौं ।

हामीले येशू अनन्तमा हुनुहुन्थ्यो भनि मानेका छौं, र सृष्टिमा र छुटकारामा उहाँको काम, अब हामी हाम्रो अन्तिम प्रमुख विषयमा सम्बोधन गर्न तयार छौं : स्वर्ग र पृथ्वीको भविष्यमा आफ्नो उद्धारकर्ताको काम ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

# अन्त्य

स्वर्ग र पृथ्वीको अस्तित्वमा येशूका भविष्य पुन आगमन, र हाम्रो मुक्तिको अन्तिम चरण जुन त्यस समयदेखि अन्तहीन भविष्यमा जारी हुने वरपरका घटनाहरु हुन् । यसमा परमेश्वरका सबै शत्रुहरुको विनाश, आफ्ना जनहरुको अन्तिम आशिष्, र सृष्टि आफैको पुर्ण नवीकरण समावेश हुदँछ जहाँ परमेश्वरका छुटकारा पाएका मानिसहरु सदासर्वदा बास गर्नेछन् । छोटकरीमा भन्नुपर्दा, यो त्यस्तो समय हो जब संसार अन्ततः परमेश्वरको महिमित पार्थिव राज्य हुनेछ ।

हामी स्वर्ग र पृथ्वीको समाप्तिको बारेमा तीन चरणमा बाईबलले के भन्दछ जाँच गर्नेछौं । पहिलो, हामी येशूको आगमनको वर्णन गर्नेछौं । दोस्रो, हामी सम्बन्धित घटनाहरु हेर्नेछौं जुन आकाश र पृथ्वीलाई ध्वंश पार्नेछ । र तेस्रो, हामी समाप्तिको अनन्त परिणामहरु वर्णन गर्नेछौं । येशूको आगमनबाट सुरु गरौं ।

## येशूको आगमन

पृथ्वीमा येशूको पहिलो उपस्थिति ठुला नम्रताको साथ थियो । उहाँ केहि हदसम्म संसारको धेरै ठाउँमा अज्ञात हुनुहुन्थ्यो । र उहाँ बस्नुहुने ठाउँमा समेत धर्म निरपेक्ष ईतिहासकारहरुले उहाँबारे थोरै मात्र भनेका थिए । तर उहाँको दोस्रो आगमन धेरै फरक हुनेछ । जसरी येशूले मत्ती २४:३० मा भन्नुभएको थियो ।

> तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ र पृथ्वीका सब जातिहरु विलाप गर्नेछन्, र तिनीहरुले मानिसको पुत्रलाई आकाशका बादलहरुमा शक्ति र ठुलो महिमासाथ आईरहेको देख्नेछन् (मत्ती २४:३०) ।

र पावलले १ थेसालोनिकी ४:१६ मा यसरी भन्दछ,

> किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदुतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट आर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरुचाँहि पहिले बौरिउठ्नेछन् । (१ थेसालोनिकी ४:१६) ।

यो र धर्मशास्त्रका अन्य खण्डहरुले येशूको पुन: आगमनको तरिकाको बारेमा कम्तिमा चार विवरणहरु सुचित गर्दछन् । पहिले यो व्यक्तिगत र शरीरिक आगमन हुनेछ । हाम्रा प्रभु येशू



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

ख्रीष्ट यस संसारमा आउनुहुनेछ जहाँ हामी अहिले बाँचिरहेका छौं । र प्रेरित १:११ ले वर्णन गर्दछ कि उहाँ स्वर्गमा उक्लिजानुभएको बाटोबाट फेरि आउनुहुनेछ, सायद यसको अर्थ उहाँ बादलबाट आउँनुहुनेछ ।

दोस्रो, उहाँको आगमन सार्वजनिक र दृश्यमान हुनेछ । सबैले उहाँलाई देख्नेछन् र उहाँ विश्वव्यापी तुरही परमेश्वरको आव्हान र प्रधान दुतको आवाजले घोषणा गर्नेछन् ।

तेस्रो, येशूको दोस्रो आगमन विजयी हुनेछ । उहाँ शक्तिशाली विजेताको रुपमा फर्किनुहुनेछ । र मत्ती १६:२७, २४:३१, र २५:३१, जस्ता खण्डहरु अनुसार उहाँ स्वर्गदुतहरुको फौजको साथमा हुनुहुनेछ ।

अनि चौथो, धर्मशास्त्रले पनि येशूको आगमन अचानक हुनेछ भनेर प्रकट गर्दछ, हामीले आशा गरेको समयमा यो हुनेछैन । वास्तवमा मत्ती २४:३६ अनुसार, दोस्रो आगमनको समय पितालाई मात्र थाहा छ । तसर्थ, जसले उहाँ ख्रीष्ट हुनुहुन्छ भनी दाबी गर्छन्, वा उहाँ फर्केर आउनुहुने समय थाहा छ भनेर दाबि गर्दछन् उनीहरुलाई विश्वासीहरुले कहिल्यै विश्वास गर्नुहुदैन ।

येशूको आगमनको बुझाई मनमा राखेर, अब उहाँले अन्त्यमा शुरु गर्नुहुने घटनाहरुमा हेरौं ।

## घटनाहरु

येशू फेरि आउनुहुदाँ कम्तिमा तीन महत्वपुर्ण घटनाहरु हुनेछ : सामान्य पुनरुत्थान, अन्तिम न्याय, र सृष्टि नविकरण । हामी यी प्रत्येक घटनालाई हेर्नेछौं, पुनरुत्थानबाट शुरु गरेर ।

### सामान्य पुनरुत्थान

ख्रीष्टको आगमनमा, मरेका सबै पुनरुत्थान हुनेछन् । दुष्ट र धर्मी दुवैलाई नयाँ शरीर दिईनेछ जुन सदासर्वदा रहिरहन्छ । यो युहन्ना ५:२८-२९ मा स्पष्टसँग सिकाईएको छ, जहाँ येशूले यी शब्दहरु बोल्नुभयो ।

> यसमा अचम्म नमान, किनभने समय आईरहेछ, जब चिहानमा हुनेहरु सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन् : सुकर्म गर्नेहरु जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरुचाँहि दण्डाज्ञाको पुनरुत्थानको निम्ति (युहन्ना ५:२८-२९) ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

हामी प्रकाश २०:१३ जस्ता खण्डहरुमा त्यस्तै विचारहरु भेट्टाउँछौं जहाँ हामीलाई भनिएको छ कि पुनरुत्थानमा शरीर हराएका व्यक्तिहरु पनि समावेश हुनेछन् । कोहि पनि छोडिने छैनन्, न्याय गर्न सबै मानवजीवनमा पुनरुत्थान हुनेछ ।

पुनरुत्थान भएका विश्वासीहरुको शरीरको सम्बन्धमा धर्मशास्त्रले सिकाउँदछ कि तिनीहरु भ्रष्टचार र पापको उपस्थितिबाट स्वतन्त्र हुनेछन् । पाप अब हाम्रो शरीरमा वास गर्देन, र हामी सधैंभरि सिद्ध स्वास्थ्य हुनेछौं । फिलिप्पी ३:२०-२१ मा पावलले सिकाएझैं,

> प्रभु येशू ख्रीष्ट .... हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ । (फिलिप्पी ३:२०-२१) ।

हाम्रो अन्तिम अवस्थामा, हाम्रो शरीरहरु महिमित हुनेछ, जसरी येशू अहिले महिमित शरीरमा हुनुहुन्छ, जुन उहाँ मृत्युबाट बौरी उठ्नुभएपछि पाउनुभयो ।

अविश्वासीहरुको शरीर पनि सदाको लागि रहन्छ, तर तिनीहरुको शरीरहरु पापबाट छुटकारा हुनेछैन । यसको सट्टामा, तिनीहरुको विरुद्धमा परमेश्वरको सरापको असरहरुले पीडित हुनेछन् । र वास्तवमा, तिनीहरुको न्याय हुदाँ श्राप बढ्नेछ । धर्मशास्त्र युहन्ना ५:२८-२९, र प्रेरित २४:१५ जस्ता खण्डहरुमा अविश्वासीहरुको शारीरिक पुनरुत्थानको कुरा गरेको पाईन्छ, र मत्ती ५:२९-३०, १०:२८ मा उनीहरुको शारीरिक दण्डको बारेमा उल्लेख गरिएको छ ।

जब येशू फर्कनुहुनेछ तब हुने दोस्रो घटना अन्तिम न्याय हो ।

## अन्तिम न्याय

सामान्य पुनरुत्थान लगतै, येशूले राजाको रुपमा आफ्नो अधिकार र शक्ति चलाउनुहुनेछ र आफ्ना सबै शत्रुहरुलाई नाश गर्नुहुनेछ र अन्तिम न्यायको दिनमा आफ्ना सबै विश्वासी जनहरुलाई आशिष दिनुहुनेछ । प्रत्येक मानिस अन्तिम न्यायमा सामेल हुनेछन्, कोहि पनि यसबाट उम्कने छैन । यसको विषयमा उपदेशक १२:१४, मत्ती १२:३६-३७, २ कोरिन्थी ५:१०, र प्रकाश २०:१२-१३ जस्ता खण्डहरुमा स्पष्ट छ । यी खण्डहरुले संकेत गर्दछ कि जसरी हरेक व्यक्तिको न्याय गरिनेछ, प्रत्येक व्यक्तिको जीवनको प्रत्येक पक्षलाई परीक्षणमा प्रमाणका रुपमा गणना गरिनेछ । प्रत्येक विचार, शब्द र कार्यको मुल्यांकन गरिनेछ ।

किनभने मानवता पतित र पापी छ, हरेक मानिस जो आफ्नै योग्यतामा परमेश्वर सामु खडा हुन्छ उसको न्यायको दण्ड भोग्नुपर्नेछ र नरकमा सदासर्वदा दण्ड पाउँनेछ । तर असल समाचार यो हो कि अनुग्रहले ख्रीष्टमा विश्वासद्धारा क्षमा पाएका व्यक्तिलाई मुक्त गरिनेछ र



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

अनन्त उत्तराधिकारको ईनाम दिईनेछ । युहन्ना ३:१८ ले यस कुराई यस प्रकार राख्छ,

> जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाँहि अघि नै दोषी ठहरीएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन (युहन्ना ३:१८) ।

यो समान विचार युहन्ना ५:२४, १ कोरिन्थी ११:३२ र २ थेसालोनिकी २:१२ पनि पाउँदछौँ ।

> **मुक्ति कार्यमा पुत्रको रुपमा न्यायधीशको भुमिका मलाई लाग्दछ कि हाम्रो परिभाषाबाट हामीले परमेश्वरको प्रेमलाई बढवा दिनु पर्ने झुकावलाई सन्तुलनमा राख्नु हो । परमेश्वरको प्रकृति पवित्र छ, र पवित्रताका दुई प्रमुख पक्षहरु छन् : उहाँको धार्मिक स्तरहरु र दयालु प्रेम । त्यसकारण पुत्रले क्रुसमा आफैलाई प्रेम दिन आउँदै गरेको पक्ष भनेको वास्तवमा हाम्रो छुटकाराको केन्द्रिय विषय यो हो । तर त्यो छुटकारामा हामीले उहाँ पवित्र र धर्मी हुनुहुन्छ भन्ने कुराको पनि सामना गर्नुपर्दछ र अदनको बगैंचाबाट आज सम्म उहाँको स्तर कहिल्यै परिवर्तन भएको छैन । तिनीहरु समान छन् । हामी सबैले पाप गरेका छौ । र यसैले न्यायधीशको न्याय हाम्रो क्रुसको अवधारणा र येशू ख्रीष्टको छुटकाराको कामको एक प्रमुख हिस्सा हुनुपर्दछ । त्यो बिना, मलाई लाग्छ कि हामी पापको अवधारणालाई हामी कम गर्छौं । हामी आधारभुत पश्चातापको आवश्यकता र त्यस पापबाट मुक्तिदाताको आवश्यकता बुझ्दैनौं । यो केवल एक मायालु इश्वर बन्छ जो आउँछ र केहि प्रकारको मेरो समस्याहरुबाट माथि उठाउँदछ । त्यो न्याय र प्रभु येशू क्रुसमा उहाँको कामको पुर्ण अवधारणाको लागि, र व्यक्ति बचाईसकेपछि पनि विश्वासीको जीवनमा उहाँको निरन्तर कामको लागि आधारभुत हो । हामी येशूलाई मानव ईतिहासको अन्तमा न्यायधीसको रुपमा भेट्ने छौं । त्यसकारण हाम्रा सबै जीवनहरु प्रेम र पवित्र धार्मिकताको अधीनमा आउँदछन् जुन उहाँको न्याय, सबै दयामा हामीलाई प्रतिनिधित्व गर्दछ ।**
>
> **— Dr. Bill Ury**

अन्तमा, तेस्रो प्रमुख घटना जुन येशू फर्कनुहुदाँ हुनेछ, त्यो सृष्टिको नवीकरण हो ।

## सृष्टिको नवीकरण



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

जसरी येशूले मानवताको न्याय गर्नुहुनेछ र अविश्वासीहरुलाई यसबाट शुद्ध गर्नुहुनेछ, त्यसरी नै सृष्टिलाई पनि शुद्ध र नविकरण गर्नुहुनेछ । २ पत्रुस ३:१०-१३ ले सृष्टिको नविकरणलाई यसरी वर्णन गर्दछ,

> जसमा आकाशचाँहि ठुलो आवाजसाथ बितिजानेछ, तत्वहरु आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् । यी सबै कुराहरु यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्छ । जुन दिन आकाश जलेर भस्म हुनेछन्, र तत्वहरु आगोको रापमा पग्लनेछन् । तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ । (२ पत्रुस ३:१०-१३) ।

**मानवताको मुक्तिले बाँकी सृष्टिमा असर पार्नेछ किनकि रोमी ८:२२ ले भन्दछ, "हामीलाई थाहा छ कि सारा सृष्टि अहिले सम्म पनि प्रसव पीडामा आर्तनाद गरिरहेको छ । हामी आफैले आफुसित जो आत्माको पहिलो फल पाउँछौं जब हामी पुत्रको रुपमा ग्रहण गर्नेछौं, हाम्रो शरीरको छुटकाराको निम्ति ।" आदमको पापको परिणामको रुपमा सृष्टि निराशाको अधीनमा थियो । जो निराशा विकार र अराजकता र मृत्युमा आफैलाई प्रकट गर्दछ । यो कुरा सृष्टिले अहिले अनुभव गरिरेको छ भनेर पावलले बताउँदछन्, जुन महिलाले बच्चा जन्माउने काम जस्तै हो जसले संकेत गर्छ कि त्यहाँ अझै केहि हुन बाँकि नै छ – यसबाट एउटा कोहि जन्मनेछ – र सम्पुर्ण सृष्टिको उद्धार र पुनर्स्थापना हुनेछ । र यो वास्तविकता पुरा हुनको लागि पर्खिरहेको छ किनकी हामी आफैले, जोसँग आत्माका पहिलो फलहरु छन्, हामीलाई पुत्रको रुपमा ग्रहण गर्न, हाम्रा शरीरको छुटकाराको लागि पर्खिरहेका छन् । र जसरी विश्वासी आफ्नो महिमाको स्थितिमा पुनर्स्थापित हुन्छ र मृत्यु, पाप र क्षयबाट मुक्त हुन्छ, त्यस्तै गरी, सृष्टि पनि आफ्नो दासत्वबाट स्वतन्त्र हुनेछ, जुन मृत्यु वा क्षय वा विकार बिना नै नयाँ स्वर्ग र नयाँ पृथ्वी आउँनेछ जुन हामी अहिले वरिपरिको अवस्थामा देख्छौं ।**

**— Rev. Jim Maples**

प्रकाश २२:३ अनुसार, स्वर्ग र पृथ्वीको यो नविकरणले पापको उपस्थिति र श्रापलाई पुर्ण रुपमा हटाइदिनेछ । मानवताको पतनको सबै प्रभावहरु उन्मुलन हुनेछ, ताकि परमेश्वरका मानिसहरु पाप, कष्ट, विमारी वा मृत्युबिना बाँच्न सक्नेछन् । प्रकाश २१:४ ले परमेश्वरले हाम्रो

आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ भनेर पनि बताउँछ । सबै सृष्टिहरु परमेश्वरको मुल योजनामा पुर्नस्थापित हुनेछन्, र उहाँका मानिसहरुले अनन्त राज्यमा अनन्त जीवनको आशिष् पाउनेछन् । र प्रकाश २१, २२ मा वर्णन गरिएको नयाँ येरुशलेम त्यो राज्यको राजधानी हुनेछ ।

प्रकाश २२:२ ले नयाँ यरुशलेमको एउटा अंश यसरी वर्णन गर्दछ,

> त्यस सहरका सडकको बीचबाट बगिरहेको थियो । ... त्यसका पातहरुचाँहि जाति- जातिहरुलाई निको पार्नका निम्ति थिए (प्रकाश २२:२) ।

उत्पति २-३ मा व्याख्या गरिएको छ कि जीवनको रुख अदनको बगैँचामा रोपिएको थियो । विशेष गरि उत्पति ३:२२-२४ ले बताउँछ कि जब परमेश्वरले आदम र हव्वालाई बगैँचाबाट निकालिदिनुभयो, उहाँले केहि भाग फल खानबाट रोक्नको लागि यसो गर्नुभयो । तर जब ख्रीष्ट फेरि आउँनुहुनेछ, अन्तिम न्याय पछि, जीवनको रुखको फल मानवजीवनमा फेरि उपलब्ध हुनेछ, र हामीलाई परमेश्वरको महिमित राज्यधिकार अन्तर्गत अनन्त शान्ति र स्वास्थ्य ल्याउनुहुनेछ ।

> **त्यहाँ सृष्टिको स्वरुप धारणा गर्ने प्राणी र सृष्टि माथि शासन गर्ने मानिसजातिको रुपमा परमेश्वरको बीचमा एक सम्बन्ध स्थापित भयो । त्यसोभए, आदम र हव्वा परमेश्वरको अधिकारमुनि सृष्टिमाथि शासकको रुपमा स्थापित भएका थिए र त्यहाँ तिनीहरु र राज्यको बीचमा सम्बन्ध छ जुन उनीहरुले शासन गर्छन् । जब आदम र हव्वा पापमा फसे, तब त्यसको प्रभाव केवल आदमलाई मात्र होईन, तर सृष्टिको लागि पनि भयो । त्यस्तै गरी, जसरी रोमी ८ ले भन्दछ, सुरुमा आदम र हव्वाको पापको साथ, सृष्टि क्षयको बन्धनमा डुबेको थियो, मानवजातिको अन्तिम छुटकारामा जब मानवताले उनीहरुको अन्तिम मुक्तिको अनुभव गर्नेछ तब सृष्टि पनि त्यहि प्रभावबाट स्वतन्त्र हुनेछ । त्यसोभए त्यहाँ स्वरुप-धारणगर्ने अन्तर्गत शासक र उनीहरुले राज्य गर्ने ठाउँको बीचमा सम्बन्ध छ । पापको अवधि, मानव पापको अनुभव र यहि अनुभवमा सृष्टिको पतनमा पनि एकसाथ प्रभाव पारेको छ, र मानवजाति आफ्नो पापबाट स्वतन्त्र हुनेछ अन्ततः यसरी नै सृष्टि पनि त्यस बन्धनबाट स्वतन्त्र हुनेछ ।**
>
> **— Dr. Rob Lister**

हामीले ख्रीष्टको आगमनको तरीका र घटनाहरु हेर्यौ, अब यसको नतीजालाई हेरौँ ।

## परिणामहरु

यस पाठको सुरुमा, हामीले परमेश्वरको सृष्टिको उद्येश्यको सार हेर्यो कि उहाँले ख्रीष्टको राज्यद्धारा आफ्नो महिमा प्रर्दशन र बढवा गर्न सकौं भनेर परमेश्वरले संसारको सृष्टि गर्नुभयो । र येशूको पुन आगमनको अन्तिम परिणाम यो उद्येश्यको उपलब्धि हुनेछ । येशू परमेश्वरको राज्यलाई यसको पुर्णतामा पृथ्वीमा ल्याउनको लागि आउँदै हुनुहुन्छ, यस्तो विश्वासयोग्य मानिसको साथ जसलाई परमेश्वर प्रेम गर्नुहुन्छ, र जो बदलामा परमेश्वरलाई प्रेम गर्छन्, सेवा गर्छन्, र उहाँको आराधना गर्छन ।

> **मानवताको छुटकारामा परमेश्वरको अन्तिम लक्ष्य भनेको आफ्नै लागि मानवजातिलाई पुर्नस्थापति गर्नु हो । त्यो पुर्नस्थापना अझ पुर्ण र अदनको बगैंचामा आदम र हव्वाको संगति भन्दा अझ ठुलो हुनेछ । मानवजातिको पतन पछि, परमेश्वरले तिनीहरुलाई असल–सन्देशको पहिलो प्रतिज्ञा प्रोटो-इवान्गिलि दिनुहुन्छ र सर्पको टाउको कुच्याउने स्त्रीको सन्तानबाट आउनुहुने मुक्तिदाताको कुरा गर्नुहुन्छ । र धर्मशास्त्रको बाँकि भाग त्यो पुर्नस्थापनाको प्रक्रियाको खुलासा हो । ईस्रायलजाति त्यो पुर्नस्थापनाको अंश हो र त्यो पुर्नस्थापनाको तस्वीर हो । त्यसबेला मण्डली विश्वव्यापी रुपमा रहेको, त्यो पुर्नस्थापनको अझ ठुलो चित्र हो । र अन्तमा, ख्रीष्टको दोस्रो आगमनमा तपाईले नयाँ स्वर्ग र नयाँ पृथ्वीको पुनरुथापना पाउनुहुनेछ जसमा परमेश्वरले मानव जातिसँग प्रत्यक्ष सँगति राख्नुहुन्छ, ती सबै जसले विश्वासद्धारा ख्रीष्टलाई विश्वास गरेका छन्, र उनीहरुले यो सिद्ध अवस्थामा रमाईलो गरिरहेका छन् जसमा अब शैतानले आक्रमण गर्न सक्दैन, र पाप उप्रान्त उपस्थित हुने छैन, र तिनीहरुले अनन्तसम्म परमेश्वरको सिद्ध रुपमा महिमा गर्नेछन् ।**
>
> **— Dr. Jeff Lowman**

येशूको स्वर्ग र पृथ्वीको उपभोगको नतिजालाई धेरै तरिकामा साराशंमा प्रस्तुत गर्न सकिन्छ, तर यस पाठमा हामी तिनीहरुलाई दुई भागमा विभाजन गर्नेछौं । पहिलो, हामी परमेश्वरको महिमालाई विचार गर्नेछौं जुन समाप्तिबाट आउँछ । र दोस्रो, हामी छुटकाराको आनन्दमा ध्यान केन्द्रित गर्नेछौं जुन मानवहरुले अनुभव गर्दछन् । आउनुहोस्, सबैभन्दा पहिले हामी परमेश्वरको महिमालाई हेरौं ।

## परमेश्वरको महिमा

> **मलाई लाग्छ त्रिएक परमेश्वर, हाम्रो छुटकाराको लागि काम गरेको कारण, सदाको लागि महिमा प्राप्त गर्नुहुनेछ । परमेश्वरले आफ्नो महिमाको निम्ति यो गर्नुभयो, उहाँले आफ्नो न्यायी, धार्मिकता, अपरिवर्तनीयता र उहाँको व्यवस्थाको पुर्ण पवित्रता प्रकट गर्न मात्र यी कामहरु गर्नुभएन, तर उहाँ वुद्धिमान हुनुहुन्छ भनि र ती सबै गुणहरु आफैमा कायम राख्न सक्नुहुन्छ भनेर, र दयालु हुनुहुन्छ र क्षमा दिनुहुन्छ भनि र पापीहरुलाई न्याय गर्नुहुन्छ भनेर देखाउन गर्नुभयो । अगमवक्ताले सोधे, "तपाई जस्तो माफी दिने परमेश्वर को छ र, र यस्तो अनुग्रह अरु को सँग छ र ?" त्यसकारण यो परमेश्वरको महिमाको लागि हो । यो पापीहरुको उद्धारको लागि हो, तर यसको अन्तिम परिणाम र यसको अपेक्षित परिणाम यो हो कि परमेश्वरको महिमा सबै अनन्तसम्म निरन्तर बढ्ने उपायहरुमा प्रकट हुन सक्छ ।**
>
> **— Dr. Thomas Nettles**

जब ख्रीष्ट फर्कनुहुनेछ, परमेश्वरको राज्यको राजाको रुपमा उहाँको शासन उच्चतम, सबैभन्दा सम्मानित राज्यमा हुनेछ । र परमेश्वरको महिमा पाउने लक्ष्य पुरा हुनेछ जब सबै मानवजातिले येशूको शासन स्वीकार गर्नेछन् र उहाँको अधिकारको समिफमा ढोग गर्नेछन् । फिलिप्पी २:९-११ म पावलले यसरी लेख्दछ,

> त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदाग गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ (फिलिप्पी २:९-११) ।

परमेश्वरको उद्धारताले उहाँको महिमा ल्याउनेछ किनकि उहाँको प्रेम र दयामा उहाँले पश्चाताप गर्ने पापीहरुलाई क्षमा दिनुहुनेछ र कल्पनाभन्दा बाहिरको आशिष् दिनुहुनेछ । र जवाफमा, हामी उहाँको प्रशंसा गर्नेछौं र हामी उहाँकै भलाईको घोषणा गर्नेछौं । एफिसी २:६-७ मा पावलले भन्दछ,

> र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरुमा ख्रीष्ट येशूसँग बसाल्नुभयो । योचाँहि ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरुमा देखाउनलाई हो (एफिसी २:६-७) ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

जब येशू फर्कनुहुनेछ, हाम्रो ईमानदारीलाई ईनाम दिनुहुनेछ, र सबै परमेश्वरको विश्वासी जनहरुले नयाँ स्वर्ग र पृथ्वीको अधिकार पाउनेछन्, जहाँ प्रकाश २१:१-५ ले सिकाउँछ हामी आदम र हव्वा अदनको बगैचाँमा रमाएको भन्दा बढि परमेश्वरको उपस्थितिमा रमाउँनेछौँ ।

> **पतन हुनुभन्दा पहिले, स्पष्ट रुपमा मानवहरुले परमेश्वरसँग स्वतन्त्र, अव्यवस्थित सम्बन्धको आनन्द मनाए । तर त्यहाँ एउटा यस्तो धारणा रहेको छ कि मानव पतन पछि, परमेश्वरले छुटकारा एक ठाउँमा राख्नुभयो जुन यो परमेश्वरसँगको सम्बन्ध जस्तो देखिन्छ जुन पुर्ण र पापमा पतन हुनु अघिको भन्दा महान । त्यसैले आदमलाई परमेश्वरको मित्र भनिएको थियो, तर सबै विश्वासीहरुको विशेष अधिकार छोरा कहलाईनु हुनेछ र धेरैले त्यस पदमा निहित सम्बन्धमा अझ बढी आत्मीयता रहेको तथ्यलाई औंल्याएका छन् र हामी कुन अर्थमा हामीसँग छ, हामी बगैचामा फेरि जानु पर्देन । हामी वास्तवमै नयाँ येरुशलेममा सरेका छौ र त्यहाँ बाईबलीय ईश्वरशास्त्रबाट पक्कै पनि प्रगति भएको जस्तो देखिन्छ जुन त्यो ठुलो ठाउँ, नयाँ यरुशलेम, नयाँ स्वर्ग र नयाँ पृथ्वी, जुन हामी पहिले भएको ठाउँमा फर्किनु होईन ।**
>
> **— Dr. Simon Vibert**

> **पतन वास्तवमा भएको कारण "हामी अझ राम्रो भएका छौँ या छैन भन्ने प्रश्नको सन्दर्भमा, मलाई लाग्छ कि यो स्वीकार गर्नु पहिले महत्वपुर्ण छ कि मानवको पतन, परमेश्वरको अस्विकार, एक दुखद चीज हो । यो गाह्रो कुरा हो, यो स्वर्गको उच्च राजाको विरुद्ध उच्च विद्रोह हो । र त्यसैले, हामी पतनको सबै ठुलो दुःखलाई कम गर्न चाहदैनौँ । तर जब हामी देख्छौँ कि परमेश्वरको सार्वभौम योजना आफैमा काम गरिरेको छ, हामी देख्छौँ कि यसको अन्त्यमा हामी अझ राम्रो परिणाम मिलेको छ यदि हामीले बगैचामा बस्यौँ भने जसरी आदम र हव्वा निर्दोष अवस्थामा थिए । किनभने हामीले उद्धारमा अन्त्य गर्ने कुरा, केवल निर्दोषताको अवस्था मात्र हाईन, तर हामी त्रिएकको संगतिमा ल्याईएका छौँ, जुन ख्रीष्ट माथिको विश्वासद्धारा हामीलाई पनि आमन्त्रित गरिएको छ पिता, पुत्र, र आत्मा सदासर्वदाको लागि रहेको त्रिएकको संगति हो, र हामी ईश्वरीय प्रकृतिका भागीदाहरु बन्छौँ, हामी ख्रीष्टको साथ मिल्छौँ । र वास्तवमा, जब हामी ख्रीष्टमा हाम्रो राज्यको मुल्याङ्कन गर्छौँ, तब हामी आदम र हव्वा जस्तो बगैँचामा भएको भए कत्ति राम्रो हुनेथियो । त्यसोभए त्यहाँ एउटा अचम्मलाग्दो, सार्वभौम आशिष**

**छ जुन पतनको कारणले हुन्छ। यो हाईन कि यो दुःखदायी होईन, तर वास्तवमा यो, परमेश्वरको सार्वभौमिक भलाई र शक्तिको कारणले हामीमा अरु भन्दा कता हो कता महान चीज उत्पन्न गराउँदछ।"**

**— Dr. K. Erik Thoennes**

वास्तवमै, येशूको आगमनको अर्को पक्ष पनि छ जसले परमेश्वरलाई महिमा ल्याउनेछ, र उहाँले सम्पुर्ण मानवतालाई एक ठुलो चेतावनीको रुपमा सेवा गर्नुहुनेछ। आफ्ना मानिसहरुलाई आशिष दिनुको साथै, प्रभुले उनीहरुलाई सराप दिनुहुनेछ जसले उहाँलाई मुक्तिदाता र राजा भनेर अस्वीकार गरे। तिनीहरुको सजायले उहाँलाई महिमा ल्याउनेछ किनकि यसले उहाँको पवित्रताको सम्मान बचाउनेछ, न्यायको प्रर्दशन गर्नेछ र आफ्ना मानिसहरुलाई पापको दमन र पीडाबाट मुक्त गर्नेछ। र प्रकाश १९:१-२ पदहरु अनुसार, परमेश्वरका धार्मिक मानिसहरु दुष्टको ईन्साफमा रमाउनेछन्। तर त्यसबेला सम्म ख्रीष्टियानहरु सामान्य रुपमा यी विचारहरुमा रमाउँदैनन्। यसको सट्टामा, हामी ख्रीष्टमा क्षमा र मुक्तिको सुसमाचार घोषणा गर्न प्रतिबद्ध गर्दछौं, ताकि जति सक्दो धेरै मानिसहरु यस भयानक घटनाबाट बच्न सकुन्।

हामीले परमेश्वरको महिमा जाँच गर्यो जुन अन्त्तग्रहणको नतीजाबाट आउँछ, आओ, अब बाईबलले सिकाउँने उद्धार गरिएको विश्वासीहरुको आनन्दको अनुभवबारे हेरौं।

## आनन्दको उद्धार

बाईबलले कम्तीमा पनि तीन पटक आनन्दित हुने श्रोतहरुको उल्लेख गरेको छ जुन विश्वासीहरुले उनीहरुको छुटकारामा पाउनेछन्। र शायद यी मध्ये सबैभन्दा ठुलो यो हो कि हामी परमेश्वरसँग पूर्ण मेल खानेछौं।

अदनको बगैंचामा तिनीहरुको पाप पछि, आदम र हव्वा एक अर्काबाट र परमेश्वरबाट लुके। जब परमेश्वरले तिनीहरुलाई सराप्नु भयो, तिनीहरु उहाँको विशेष उपस्थितिबाट बाहिर फ्याकिए। तर अन्तमा, येशूले मानविय प्रकृति पुर्नस्थापित गर्नुहुनेछ, ताकि हामी शारीरिक रुपमा परमेश्वरको विशेष उपस्थितिमा जान पाऊ, ताकि हामी उहाँको महिमा आफ्नै आखाँले देख्न सकौं। यो स्पष्ट रुपमा यहन्ना १७:२४, १ युहन्ना ३:२, र प्रकाश २१:३ खण्डहरुमा उल्लेख गरिएको छ।

हिप्पोको चौथो शताब्दीको विशप अगस्टिनले यो आशीर्वादलाई संक्षेपमा यसरी लेखेका थिए सुन्नुहोस्, शहरको परमेश्वर पुस्तक २२, अध्याय ३०

**परमेश्वर आफै, जो सद्गुण लेखक हुनुहुन्छ, उहाँलाई पुरस्कार मिल्नेछ किनभने त्यो भन्दा ठुलो र अरु कुनै राम्रो कुरा छैन । भविष्यवक्ताद्धारा भनिएको उहाँको यो वचनको अर्थ अरु के हुन सक्छ, "म तिम्रो परमेश्वर हुनेछु, र तिमी मेरा प्रजा हनेछौ" यसको अर्थ यो हो कि, "म तिनीहरुको सन्तुष्टि हुनेछु, म सबै मानिसहरुलाई सम्मानजनक चाहाना हुनेछु-जीवन र स्वास्थ्य, र पोषण, र प्रशस्तता र महिमा, सम्मान र शान्ति, र सबै राम्रा कुराहरु?" यो पनि प्रेरितको भनाईको सही व्याख्या हो, "परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन ।" उहाँ हाम्रो चाहानाहरुको अन्त्य हुनुहुनेछ जुन अन्त नदेखिने, लुगाबिना प्रेम गर्ने, थकित नभई प्रशंसा गरिने छ । स्नेहको बहाव, यो काम, पक्कै पनि, अनन्त जीवन जस्तै सबैका लागि सामान्य हुनेछ ।**

छुटकारा दिने विश्वासीहरुको दोस्रो खुशी अनुभव एक अर्कासँग परिपुर्ण मेलमिलाप हो ।

परमेश्वरसँगको हाम्रो सम्बन्ध बिगार्नको साथसाथ आदमको पापले मानव सम्बन्ध बिगार्यो । तर प्रकाश २२:२ ले भन्दछ कि जब हामी पुर्ण रुपमा छुटकारा पाउँछौं, जातिहरु निको हुनेछन् । युद्धहरु बन्द हुनेछन् । अन्याय अन्त्य हुनेछ, र सम्बन्धहरु पुर्ण रुपमा पुर्नस्थापित हुनेछन् । सारा संसार एक अर्कालाई प्रेम गर्ने र सेवा गर्ने र सेवा शान्तिमय, मैत्री, पारिवारिक समुदाय बन्नेछ ।

अन्तमा, हामीले उल्लेख गरेका छुटकाराको तेस्रो आनन्दको तथ्य यो हो कि हामीले नयाँ स्वर्ग र पृथ्वीमा ख्रीष्टको साथ शासन गर्नेछौं ।

पावलले यसको बारेमा २ तिमाथी २:१२ मा उल्लेख गरेका छन्,

हामीले सह्यौं भने हामी पनि उहाँसँगै राज्य गर्नेछौं (२ तिमोथी २:१२)।

प्रकाश २:२६-२७, ३:२१ र २२:५ मा पनि ख्रीष्टसँगको हाम्रो शासनको बारेमा सिकाईएको छ ।

आदम र हव्वालाई परमेश्वरकै स्वरुपमा सृष्टि गरिएको थियो र अदनको बगैचामा परमेश्वरको प्रभुत्वमा यस सृष्टिमाथि शासन गर्न राखिएको थियो । तर आदमको पापको श्राप र भष्टचारले मानवताको यस्तो कार्यबाट रोक्यो जसले परमेश्वरको अन्तिम उद्येश्य पुरा गर्दछ । तर येशू, आफ्नो बलिदान र आज्ञाकारिताको कारण, अब आदमले गर्न नसक्ने कुरा गर्न शुरु गर्नुभयो । उहाँ अहिले हाम्रो करारको शिर शासन गर्नुहुन्छ, र सारा संसारमाथि शासन गर्नुहुन्छ । संसारको अन्तमा, उद्धार गरिएको मानवताले अन्तत सृष्टिलाई शासन गर्नेछ जसले परमेश्वरलाई महिमा दिदँछ र सम्पुर्ण सृष्टिलाई पुर्ण लाभ गर्दछ ।



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**ख्रीष्टियनहरुले हाम्रो भविष्यको आशा, पुर्ण छुटकारालाई, आशाको आत्मामा प्रतिक्रिया दिन सक्दछन् । आशा भनेको भविष्यको सकारात्मक भविष्यको विश्वस्त आशा हो । र आशाको उल्लेखनीय, व्यवहारिक प्रकृति यो हो कि यसले हामीलाई प्रसन्न तुल्याउँछ, यसले हामीलाई दृढ बनाउँछ, यसले लचिलो बनाउँछ, र यसले वर्तमानमा एक किसिमको आशावादी आनन्द प्रदान गर्दछ जुन विश्वास गरिन्छ कि त्यो वास्तविकतामा परिणत हुनेछ । यसले हामीलाई वर्तमान प्रिरिश्रमको निश्चय अपरिहार्यताको भावनाले अगाडि बढाउँछ, जो प्राकृतिक रुपमा हाम्रो सीमित दृष्टिकोणबाट अलि अस्थिर वा अनिश्चित हुन सक्छ ।**

**— Dr. Glen Scorgie**

## निष्कर्ष

येशू उद्धारकको यस पाठमा, हामीले येशू ख्रीष्ट जो परमेश्वरको पुत्र हुनुहुनछ उहाँको व्यक्तित्व र कामलाई चार विभिन्न समय अवधिहरुमा हेर्यो अनन्तसम्म, संसारको सृष्टि अघि; सिर्जनाको प्रारम्भिक अवधि, छुटकाराको लामो युग र भविष्यको समाप्तिको उमेर सम्म ।

येशू ख्रीष्ट पक्कै पनि सब भन्दा चाखलाग्दो, जटिल र महत्वपुर्ण व्यक्ति हुनुहुन्छ जो सदासर्वदा जीवित हुनुहुन्छ । र उहाँ आज सम्म पनि जीवित हुनुहुन्छ । उहाँ सारा सृष्टिका राजा हुनुहुन्छ, जसले स्वर्गमा आफ्नो सिंहासनबाट शासन गर्नुहुन्छ । हामीले कहिल्यै पनि उहाँलाई बुझ्न र उहाँको जटिलताको सबैमा सराहना गर्ने आशा गर्न सक्दैनौं । तर आशा छ कि यस पाठमा दिईएको परिदृश्यहरुले हामीलाई येशूको बारेमा सोच्न र उहाँका मानिसहरुलाई लाभ पुर्याउन सक्ने किसिमले तयारी गर्न सक्नेछ ।.

# CONTRIBUTORS

**Dr. Dan Doriani (Host)** is Vice President of Strategic Academic Initiatives and Professor of Theology at Covenant Theological Seminary. He previously served as Senior Pastor of Central Presbyterian Church in Clayton, Missouri. In addition to his extensive teaching and pastoral experience, Dr. Doriani has been involved with both the Presbyterian Church in America (PCA) and the Evangelical Presbyterian Church (EPC) in several planning and study committees. He earned his M.Div. and Ph.D. at Westminster Theological Seminary and his Master of Sacred Theology from Yale Divinity School. He has authored numerous articles and publications, including *Putting the Truth to Work: The Theory and Practice of Biblical Application* (P&R, 2001); *Women and Ministry* (Crossway, 2003); and *The New Man: Becoming a Man After God's Heart* (Crossway, 2001/new edition P&R, 2015).

---

**Dr. Frank Barker** is Pastor Emeritus at Briarwood Presbyterian Church and is a founder of Birmingham Theological Seminary where he serves as head of the Old Testament Department.

**Dr. Steve Blakemore** is the Assistant Professor of Philosophy at Wesley Biblical Seminary.

**Dr. Stephen Chan** is Associate Professor of Theology and Religious Studies at Seattle University.

**Dr. Keith Johnson** serves as the National Director of Theological Education for Cru (formerly Campus Crusade for Christ) and is a guest professor of Systematic Theology at Reformed Theological Seminary.

**Dr. Peter Kuzmič** is the Eva B. and Paul E. Toms Distinguished Professor of World Missions and European Studies at Gordon-Conwell Theological Seminary and the co-founder and director of Evangelical Theological Seminary in Osijek, Croatia.

**Dr. Samuel Ling** is Co-founder of China Horizon.

**Dr. Robert G. Lister** is Associate Professor of Biblical and Theological Studies at the Talbot School of Theology.

**Dr. Jeff Lowman** is Senior Pastor at Evangel Church PCA in Alabaster, Alabama and Professor of Homiletics and Systematic Theology at Birmingham Theological Seminary.

**Dr. Jim Maples** is Director of the Doctor of Ministry in Pastoral Leadership program at Birmingham Theological Seminary.

**Dr. John E. McKinley** is Associate Professor of Biblical and Theological Studies at Talbot School of Theology.

**Dr. R. Albert Mohler, Jr.** is President of The Southern Baptist Theological Seminary.

**Dr. Thomas J. Nettles** is Professor of Historical Theology at The Southern Baptist Theological Seminary.



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**Dr. Glen G. Scorgie** is Professor of Theology at Bethel Seminary, San Diego.

**Dr. James D. Smith III** is Associate Professor of Church History at Bethel Seminary, San Diego, and Adjunct Professor of Religion at the University of San Diego.

**Dr. K. Erik Thoennes** is Professor of Biblical and Theological Studies at Biola University's Talbot School of Theology and is Chair of the Biblical and Theological Studies Theology Department.

**Dr. Bill Ury** was Professor of Systematic and Historical Theology at Wesley Biblical Seminary for 24 years and now serves as Pastor of Elizabeth City Evangelical Methodist Church in North Carolina.

**Rev. Dr. Simon Vibert** is Senior Pastor of Christ Church Virginia Water, England, and the former Vice Principal and Director of the School of Preaching at Wycliffe Hall, Oxford.

# GLOSSARY

**Abrahamic administration** – Administration during the time of God's covenant with Abraham in which God assigned special privileges and obligations to Abraham's family and promised that one of his descendants would be the Redeemer

**active obedience** – Jesus' obedience to everything the Father commanded

**Adam** – The first man; husband of Eve; man with whom God made the covenant of foundations in which humanity was to fill and subdue the earth

**Adamic administration** – Administration during the time of God's covenant with Adam in which God first offered redemption to humanity in Genesis 3:15

**ascension** – Event forty days after the resurrection in which Jesus was taken up bodily into heaven in full view of his apostles

**Christology** – The study and doctrine of the person and work of Jesus Christ

**Consummation** – Third and final stage of inaugurated eschatology when Christ will return and fulfill God's ultimate purpose for all of history

**covenant of grace** – The forbearance and benefits that God gives to everyone who is part of his covenant people, even if they are not true believers

**covenant of redemption** – Covenant in which the persons of the Godhead entered into a solemn arrangement to secure redemption and apply it to fallen creation, especially to fallen humanity

**Davidic administration** – Administration during the time of God's covenant with David in which God promised that the Redeemer would descend from David; last administration of the Old Testament period

**Day of the Lord** – Technical expression (Hebrew: "*yom Yahweh*") referring to the ultimate defeat and judgment of God's enemies and to the great battle that will take place when God's people are restored to the land

**depravity** – The state of moral corruption due to humanity's fall into sin

**divine attributes** – The perfections of God's essence revealed through a variety of historical manifestations; attributes that only God can possess

**economic** – Term meaning "relating to household management"; used when speaking of how the three persons of the Trinity relate to each other

**essence of God** – The unchanging reality that underlies all of God's outward, changing manifestations; God's fundamental nature or substance of which he consists

**eternal counsel** – God's eternal plan for the universe, established before his work of creation

**eternal decree** – another term for "eternal counsel"; God's eternal plan for the universe, established before his work of creation

**Fall, the** – The events from the serpent's temptation through God's judgment when Adam and Eve's sin caused humanity to fall out of God's favor and blessings



भिडियो, अध्ययन मार्गनिर्देशनहरु र अन्य श्रोतहरुको लागि, थर्ड मिलिनियम सेवाकाईको thirdmill.org मा हेर्नुहोला।

**first gospel** – also known as *proto-euangelion*; theological term for the first promise of redemption found in Genesis 3:15

**foreknowledge** – God's knowledge, prior to creation, of events that would occur in the course of history

**forensic righteousness** – Jesus' righteous obedience imputed to us

**general resurrection** – The resurrection of all people in order to face God's final judgment when Christ returns in glory

**immutable** – Term meaning "unchanging"; used to express the unchanging nature of God's character and perfections

**inauguration** – First stage in inaugurated eschatology; refers to Christ's first coming and the ministries of his apostles and prophets

**last judgment** – Also called final judgment; the eschatological event when God will formally declare the guilt of his enemies and pronounce their everlasting punishment, and formally declare the innocence of those who are in Christ and pronounce their everlasting rewards

**Mosaic administration** – Administration during the time of God's covenant with Moses in which God instituted the sacrificial system and gave Israel the Law

**new covenant** – The covenant of fulfillment in Christ; first mentioned in Jeremiah 31:31

**New Jerusalem** – The capital city and centerpiece of the new creation where God will establish his heavenly throne and manifest his glory to his people

**Noahic administration** – Administration during God's covenant with Noah in which God assured nature's stability

**ontological** – Term meaning "related to being"; used to refer to the fact that all three persons of the Trinity possess the same divine attributes and essence

**passive obedience** – Jesus' submission to a life of humiliation and suffering, culminating in his crucifixion

***proto-euangelion*** – Theological term for "the first gospel" or the first promise of redemption found in Genesis 3:15

**Trinity** – Theological term used to express the fact that God is one essence in three persons

**Yahweh** – Hebrew name for God that comes from the phrase, "I Am that I Am"; often translated "LORD"